कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरू

शोधार्थी

सुनिल कुमार झा

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००५२

त्रि.वि.दर्ता नं. : ९-२-२१७-१५८-२००६

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत

शोधपत्र

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी

वि.सं. २०७१/इ.सं.२०१५

कृतज्ञताज्ञापन

अनुसन्धान र खोज नगरी वास्तविक सत्य थाहा हुँदैन । कुनै पनि शोध अध्ययनको उद्देश्य कुनै कुराको नवीन रूप पत्ता लगाउनु तथा सत्य, स्पष्ट, वैज्ञानिक रूपमा खोजी गर्नु हो । अधिकांश अनुसन्धान नवीन विषय र क्षेत्रमा देखिएका कुरामा गरिन्छ । यो शोधकार्य पनि कम अनुसन्धान भएको मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययनमा केन्द्रित छ ।

यो शोधपत्र जनता बहुमुखी क्याम्पस, इटहरी, नेपाली भाषा शिक्षा विभागका सहायक प्राध्यापक श्रद्धेय श्री तीर्थराज भट्टराईको निर्देशनमा तयार पारिएको हो । वहाँको प्रत्यक्ष निर्देशन तथा निगरानीमा वहाँकै परिष्कार र परिमार्जनको सहयोगको परिणाम स्वरूप यो शोध अध्ययनले मूर्तरूप लिन सकेको हो । आफ्नो अमूल्य समय र सुझाव दिएर शोध अध्ययनलाई आधिकारिकता प्रदान गर्नुहुने निर्देशकज्यूप्रति आभारी छु । यसैगरी शोधपत्र तयार गर्ने तरिका तथा सामग्री जुटाउन बाटो देखाउनुहुने नेपाली भाषा शिक्षा विभागका अध्यक्ष श्री मदनराज बरालज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । एवम् विभिन्न त्रुटिहरू औंल्याई सही मार्गदर्शन गरिदिनु भएका मेरा पूज्यनीय गुरू श्री नवीनकुमार शर्माज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

यो शोध अध्ययनका लागि आवश्यक सामग्री जुटाउन सहयोग गर्ने जनता उच्च माध्यमिक विद्यालय मधुवन, सुनसरी बहुमुखी क्याम्पस इनरुवा, शारदा उच्च माध्यमिक विद्यालय इनरुवा तथा नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय अमाहीबेल्हाप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसैगरी कम्प्युटर टङ्कनमा पूर्ण सहयोग गर्नुहुने आर. एस. ब्रदर्स इटहरीका भाइ सुरेश चौलागाई ज्युप्रति आभार प्रकट गर्दछु ।

मिति

२०७१/११/१३ गते

शोधार्थी

सुनिल कुमार झा

नेपाली भाषा शिक्षा विभाग,

जनता बहुमुखी क्याम्पस,

इटहरी, सुनसरी

शोध सार

प्रस्तुत शोधको शीर्षक *कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरू* रहेको छ । यो शोध त्रि. वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्ष नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि तयार पारिएको हो ।

यस शोधको प्रमुख उद्देश्य मैथिली मातृभाषीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन गर्नु रहेको छ । विभिन्न सामाजिक तथा भाषिक प्रभावका कारण नेपाली भाषाका वाक्यहरू बोल्दा वा लेख्दा विभिन्न प्रकारका विचलनहरू देखिने गर्दछन् । ती विचलनहरु पत्ता लगाउनु समेत यस अनुसन्धानको उद्देश्य रहेको छ । मैथिली भाषीहरूबाट हुने यस्ता त्रुटि वा विचलनहरू शब्दप्रयोगमा, अर्थगत सन्दर्भमा, पदक्रममा र पदसङ्गतिगत स्थानमा देखिने गर्दछन् ।

प्रस्तुत शोध अध्ययन मैथिली मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययनमा केन्द्रित रहेको छ । यसमा सुनसरी जिल्लाका जनता उच्च माध्यमिक विद्यालय मधुवन, सुनसरी बहुमुखी क्याम्पस इनरुवा, शारदा उच्च माध्यमिक विद्यालय इनरुवा तथा नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय अमाहीबेल्हाका विद्यार्थीहरूलाई समावेश गरिएको छ । नमुनाका लागि प्रत्येक विद्यालय तथा क्याम्पसबाट ३०/३० जना छात्रछात्राहरूलाई लिइएको छ । उनीहरूमा वस्तुगत प्रश्न, अनुवाद, संक्षिप्त उत्तरात्मक प्रश्न र स्वतन्त्र लेखन गरी चार किसिमका प्रश्नपत्रहरू प्रयोग गरिएको छ ।

नमुनाका लागि छानिएका सबै प्रश्नहरूको उत्तर विद्यार्थीबाट प्राप्त गरी विश्लेषण गर्दा वाक्यगठनमा विभिन्न पक्ष, लिङ्ग, वचन, पुरुष, आदर र वाच्यमध्ये क्रमशः उपर्युक्त क्रमअनुसार नै बढीदेखि कम त्रुटि गर्दै आएको पाइन्छ । वाक्य गठनमा कति जनाको कति ठीक र कति गल्ती भयो त्यसको गणना गरी त्यसकै आधारमा त्रुटिको प्रतिशताङ्क निकाली त्यसको तालिकीकरण गरिएको छ । कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूले त्रुटि किन र केकति कारणले गर्छन् त्यसको चर्चा गरी त्रुटिहरूको व्याख्या विश्लेषण र सामान्य वर्गीकरण गरिएको छ ।

प्रश्तुत शोध अध्ययनबाट मैथिली भाषीहरूले नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटिहरूमध्ये शब्दगत प्रयोग, अर्थगत सन्दर्भ र पदक्रममा देखिने त्रुटिहरू भाषिक प्रभावका कारणले भएको देखिन्छ । त्यसैगरी पदसङ्गतिका क्षेत्रमा देखिने त्रुटिहरू भाषिक प्रभावका

कारणले नभई असचेतता र अध्ययन अभ्यासको कमीले भएको देखिन्छ । नेपाली र मैथिली भाषाका व्याकरणगत विशेषताहरू अधिकांशतः समान भएकाले मैथिली भाषाकै कारणले नेपाली भाषाको वाक्यगठनमा त्रुटि आएको होइन । अर्को के पनि तथ्य यस शोधबाट प्रष्ट भाएको छ भने यस भेगका मैथिली मातृभाषीहरू मैथिली भाषा पनि नियमसङ्गत ढङगले बोल्दैनन् । यही कुराको प्रभाव पनि नेपाली भाषामा पर्न गएकोले नेपाली भाषाको वाक्य पगठनमा यस्तो त्रुटि देखा परेको हो । शब्दप्रयोगत स्थानमा पनि जुन शब्द नेपाली भाषामा अलि लामो, कठिन वा ठ्याकै अर्थ दिने सरल शब्दको अभाव छ, त्यस स्थानमा मैथिली भाषाको शब्दको प्रयोग हुने गरेको पाइएको छ ।

समग्रमा शब्दगत प्रयोग, अर्थगत सन्दर्भ र पदक्रममा देखिने त्रुटिहरु भाषिक प्रभावका कारणले भएको देखिन्छ भने पदसङ्गतिका क्षेत्रमा देखिने त्रुटिहरू भाषिक प्रभावका कारणले नभई असचेतता र अध्ययन अभ्यासको कमीले भएको देखिन्छ लिङ्गको आधारमा नेपाली र मैथिली दुवै भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग अर्थात अस्त्रीलिङ्ग र स्त्रीलिङ्ग गरी दुई लिङ्गको व्यवस्था छ । त्यसैगरी मैथिली भाषा र नेपाली भाषामा मानवेतर कर्ताको लिङ्गले कुनै असर पार्दैन, यसलाई समानताको रूपमा लिन सकिन्छ । त्यसैगरी नेपाली र मैथिली दुवै भाषामा भेद्यभेदकको अवस्थामासमेत लिङ्ग व्यवस्था रहेको देखिन्छ । नेपाली र मैथिली दुवै भाषामा विशेषणको अवस्थामा पनि लिङ्गको व्यवस्था रहेको देखिन्छ, तर सुनसरी जिल्लामा बोलिने स्थानीय मैथिली भाषिकामा लिङ्ग व्यवस्थाको प्रयोग कमै हुनेगरेकोले मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्य गठनमा गर्ने लिङ्गसम्बन्धी त्रुटि मातृभाषाको प्रभाव र अध्ययन तथा अभ्यासको कमी दुवै कारणले भएको देखिन्छ ।

वचनको अवस्थामा भने नेपाली भाषादेखि मैथिली भाषा पूर्णतः फरक रहेको देखिन्छ । नेपाली भाषामा नाम, सर्वनाम, विशेषण, भेदक र क्रिया यी सबै पक्षमा दुई वटा वचनको व्यवस्था रहेको छ भने मैथिली भाषामा यस्तो व्यवस्था रहेको देखिदैन । मैथिली भाषामा एकवचन र बहुवचन दुवै कर्तासँग समान क्रियाको नै प्रयोग हुन्छ । स्त्रीलिङ्गी कर्ता बहुवचन वा एकवचन जुनसुकै अवस्थामा रहेपनि स्त्रीलिङ्गी क्रिया र स्त्रीलिङ्गी विशेषण र स्त्रीलिङ्गी भेदक नै प्रयोग हुन्छ भने पुलिङ्गी कर्ता एकवचन वा बहुवचन जुनसुकै अवस्थामा रहेपनि एकवचनकै पुलिङ्गी क्रिया, विशेषण र भेदक प्रयोग गरिन्छ । समग्रमा मैथिली भाषामा नाम र सर्वनाम वर्गमा मात्र वचन व्यवस्था रहेको छ, त्यसैले मैथिली मातृभाषी विद्यार्थीहरूले नेपालीको वाक्यगठनमा वचन सङ्गतिसम्बन्धी बढी त्रुटि गर्ने गर्छन् र यो पूर्णतः मातृभाषाको प्रभावले भएको हो भन्ने कुरा यस अनुसन्धानबाट प्रष्ट भएको छ ।

नेपाली र मैथिली दुवै भाषाका क्रियामा पुरूषगत व्यवस्था रहेको पाइन्छ । अर्थात प्रथम, द्वितीय तृतीय जुन पुरुषको कर्ता छ सोही पुरुषको क्रिया प्रयोग हुन्छ । तीनै पुरुषका कर्तासँग भिन्नभिन्न क्रियापदको प्रयोग हुन्छ । तसर्थ मैथिली मातृभाषीले नेपाली वाक्य गठनमा पुरुषगत त्रुटि गर्दैनन् । यदि गर्दछ भने त्यो मातृभाषाको प्रभावले नभई अध्ययन र अभ्यासको कमीले भएको कुरा यस अध्ययनबाट प्रष्ट भएको छ ।

नेपाली र मैथिली दुवै भाषामा आदरसम्बन्धी पनि समान व्यवस्था रहेको पाइन्छ । नेपाली र मैथिली दुवै भाषाका कर्ता र क्रिया दुवै पक्षमा आदर सम्बन्धी समान व्यवस्था रहेको पाइन्छ । यी दुवै भाषामा क्रमशः निम्न, सामान्य, उच्च र विशिष्ट आदरको व्यवस्था रहेको पाइन्छ । तसर्थ मैथिली मातृभाषी विद्यार्थीहरूले नेपालीको वाक्य गठनमा आदरसम्बन्धी त्रुटि नगर्ने अवस्था देखिन्छ । यदि त्रुटि गर्दछन् भने त्यो मातृभाषाको प्रभावले नभई अध्ययनको र अभ्यासको कमीले हो भन्ने निष्कर्षमा यस अध्ययनबाट पुगिएको छ ।

केही मैथिली मातृभाषी विद्यार्थीहरूले वाच्यसङ्गतिमा समेत त्रुटि गरेको पाइन्छ । भाषिक व्यवस्थालाई हेर्ने हो भने नेपाली र मैथिली दुवैभाषामा कर्तृ, कर्म र भाव गरी तीन वाच्यको व्यवस्था रहेको देखिन्छ । तसर्थ मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा वाच्यसङ्गतिसम्बन्धी गर्ने त्रुटि मातृभाषाको प्रभावले नभई अध्ययन र अभ्यासको कमीले भएको ठहर भएको छ ।

विषय-सूची

क.सं.	विषयवस्तु	पृष्ठ सं.
अध्याय : एक	**शोधपरिचय**	**१-७**
	विषय प्रवेश	१
	वाक्य गठनको सैद्धान्तिक परिचय	३
	समस्याकथन	४
	अध्ययनको औचित्य र महत्त्व	५
	अध्ययनको उद्‌देश्य	६
	अध्ययनको पाक्कल्पना	६
	अध्ययनको सीमा	७
अध्याय : दुई	**पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना**	**८-१५**
	पूर्वकार्यको समीक्षा	८
	पूर्वकार्यको उपयोगिता र कार्यान्वयन	१२
	सैद्धान्तिक/धारणात्मक संरचना	१३
अध्याय : तीन	**अध्ययनको प्रक्रिया/विधि**	**१६-१९**
	अध्ययनको संरचना	१६
	जनसङ्ख्या र नमुना	१६

	नमुना छनोट प्रक्रिया	१७
	तथ्याङ्क सङ्लनका साधन	१८
	तथ्याङ्क सङ्कलनका प्रक्रिया	१८
	तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया	१९
अध्याय : चार	**नतिजा/परिणाम र छलफल**	**२०-३६**
	नतिजा/परिणाम	२०
	छलफल / व्याख्या	२५
	लिङ्गका आधारमा नेपाली र मैथिलीको वाक्य गठन	२५
	वचनका आधारमा नेपाली र मैथिलीको पदसङ्गति	३०
	पुरुषका आधारमा नेपाली र मैथिलीको पदसङ्गति	३३
	आदरको आधारमा नेपाली र मैथिलीको पदसङ्गति	३४
	वाच्यसङ्गति	३५
अध्याय : पाँच	**उपसंहार**	**३७-४५**
	निष्कर्ष	३७
	उपयोगिता / कार्यान्वयन	३९
	नीतिगत तह	३९
	कार्यान्वयन तह	४०
	सुझावहरू	
	आगामी अनुसन्धानका लागि शीर्षक	४३

तलिका सूची

तालिका सं.	विषय	पृष्ठ सङ्ख्या
४.१.	समग्रमा त्रुटि विवरण	२१
४.२.	त्रुटि विवरण प्रतिशत	२१
४.३.	त्रुटिक्षेत्रका आधारमा	२३
४.४.	कर्ता र क्रियाको क्षेत्रमा	२४
४.५.	कर्ता र क्रियाबीचको लिङ्गसङ्गति	२६
४.६.	विशेषण विशेष्यबीचको लिङ्गसङ्गति	२७
४.७.	भेद्य र भेदकबीच लिङ्गसङ्गति	२८
४.८.	मानवेतर नाममा लिङ्ग सङगति	२९
४.९.	कर्ता र क्रियाको बीचमा वचनसङ्गति	३०
४.१०.	विशेष्य र विशेषणबीचको वचनसङ्गति	३१
४.११.	भेद्य र भेदक वचनतसङ्गति	३२
४.१२.	पुरुषका आधारमा नेपाली र मैथिलीको पदसङ्गति	३३
४.१३.	द्‌वितीय पुरुषमा आदरको आधारमो पदसङ्गति	३४
४.१४.	तृतीय पुरुषमा आदरको आधारमा पदसङ्गति	३४
४.१५.	वाच्यसङ्गति	३५

स्तम्भचित्र विवरण

चार्ट सं.	विषय	पृष्ठ सङ्ख्या
४.१.	समग्रमा त्रुटिसम्बन्धी समस्तम्भ चित्र	२२
४.२.	क्षेत्रका आधारमा त्रुटिसम्बन्धी स्तम्भ चित्र	२३
४.३.	कर्ता र क्रियाबीच त्रुटिसम्बन्धी स्तम्भ चित्र	२५

चिह्न सूची

प्रयुक्त चिन्ह	अर्थ
:	निर्देशक
:-	उदाहरणार्थ
/	अथवा
( )	गौण
%	प्रतिशत
“—”	उद्धरण
‘—’	विशेष चिन्ह

संक्षिप्त रूप

उ.मा.वि	उच्च माध्यमिक विद्यालय
उदा.	उदाहरण
ज.उ.मा.वि	जनता उच्च माध्यमिक विद्यालय
ने.रा.शि.उ.मा.वि.	नेपाल राष्ट्रिय माध्यमिक विद्यालय
नेप.	नेपाली
प्रा.वि.	प्राथमिक विद्यालय
पु.	पुलिङ्गी
मा.वि.	माध्यमिक विद्यालय
मै.	मैथिली
मै.प.	मैथिली परिशीलन
शा.उ.मा.वि.	शारदा उच्च माध्यमिक विद्यालय
शि.	शिक्षा
श्रु.	श्रुतिगत
स्त्री.	स्त्रीलिङ्गी
सु.ब.क्या.	सुनसरी बहुमुखी क्याम्पस
स्था.मै.	स्थानीय मैथिली भेद

पारिभाषिक शब्द

वातावरण भन्नाले भाषिक वातावरण बुझ्नु पर्छ

भषिक दुरी भन्नाले स्रोत भाषा र लक्ष्य भाषा बीचको सामाजिक एवम् सांस्कृतिक दुरी भन्ने बुझ्नु पर्छ

भाषा पाठ्यपुस्तक भन्नाले कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकलाई सम्झनु पर्छ ।

सामग्री भन्नाले शिक्षणसिकाइलाई सहज बनाउने उपकरणलाई बुझ्नु पर्छ ।

मूल्याङ्कन भन्नाले सम्पूर्ण भाषिक कार्यक्रमको लेखाजोखा भन्ने बुझ्नु पर्छ ।

अध्याय : एक

शोधपरिचय

विषय प्रवेश

नेपालको राष्ट्रभाषाको रूपमा रहेको नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गभित्र पर्ने भारत इरानेली शाखाको आधुनिक आर्य भाषाहरूमध्ये एक जीवन्त सदस्य हो । नेपाली भाषाको उत्पत्ति शौरशेनी, खस वा पहाडी अपभ्रंशबाट भएको मानिएको छ । नेपाली भाषा संवैधानिक रूपले मान्यताप्राप्त राजकीय कामकाजको भाषा हो । नेपालका अन्य राष्ट्रभाषाका उन्नायक भाषा, राष्ट्रका सम्पूर्ण जनसमुदायको सम्पर्क भाषा, बहुसङ्ख्यक नेपालीको मातृभाषा, लामो साहित्य परम्परा भएको भाषा, शिक्षा र सञ्चारको लोकप्रिय माध्यमभाषा रूपमा समेत यो भाषा स्थापित छ । वि. सं. २०६८ सालको जनगणना अनुसार नेपालका कुल जनसङ्ख्यामध्ये ४४.६ प्रतिशत मानिसहरू नेपाली भाषा मातृभाषाको रूपमा बोल्दछन् ।

नेपालमा नेपाली पछिको दोस्रो समृद्ध भाषा मैथिली हो । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालका कुल जनसङ्ख्यामध्ये ११.७ प्रतिशत मानिसहरू मातृभाषाका रूपमा मैथिली भाषा बोल्दछन् (केन्द्रीय तथ्याङ्क विभागको जनगणना प्रतिवेदन : २०६८) । यो भाषा नेपालको दक्षिणपूर्वी तराइमा बसोबास गर्ने बहुसङ्ख्यक बासिन्दाले प्रयोग गर्ने गर्दछन् । यस भाषाको आफ्नै लिपि छ, जसलाई मिथिलाक्षर वा तिरहुता लिपि भनिन्छ, तर अहिले यो भाषा पनि नेपाली जस्तै देवनागरी लिपिमा नै लेख्ने गरिन्छ । ऐतिहासिक दृष्टिले हेर्दा यो भाषा संस्कृतबाट निष्पन्न मागधि र प्राकृत हुँदै मगध अपभ्रंशबाट विकसित भाषा हो ।

२०६८ सालको जनगणना प्रतिवेदन अनुसार नेपालमा मैथिली मातृभाषीको जनसङ्ख्या पुरुष १५,६१,६९३ र महिला १५,३०,८३७ गरी कूल ३०,९२,५३० जना रहको छ । शहरी क्षेत्रमा २,११,८०३ पुरूष र १,७६,०८१ महिला गरी जम्मा ३,८७,८८४ जना रहेका छन् । ग्रामीण क्षेत्रमा १३,४९,८९० पुरुष र १३,५४,७५६ महिला गरी जम्मा २७,०४,६४६ जना रहेका छन् । त्यसैगरी सुनसरी जिल्लामा १,०९,७९९ पुरुष र १,०६,००५ महिला गरी जम्मा २,१५,८०४ जना रहेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, जनसङ्ख्या प्रतिवेदन : २०६८)

दोस्रो भाषाको रूपमा मैथिली प्रयोग गर्नेहरूमा नेपालमा ९५,९३८ पुरुष र ९९,३४९ महिला गरी जम्मा १,९५,२८७ जना रहेका छन् । शहरी क्षेत्रमा १२,३११ पुरुष र १०,९८३ महिला गरी जम्मा २३,२९४ रहेका छन् । ग्रामीण क्षेत्रमा ८३,६२७ पुरुष र ८८,३६६ महिला गरी जम्मा १,७१,९९३ जना रहेका छन् । त्यसैगरी सुनसरी जिल्लामा २१,८५४ पुरुष र २३,३०१ महिला गरी ४५,१५५ जना रहेका छन् । (केन्द्रीय तथ्याङ्क विभाग, जनसङख्या प्रतिवेदन, २०६८)

नेपाल एक बहुभाषिक देश हो । २०६८ सालको जनगणना अनुसार नेपालमा कुल १२३ भाषाहरू मातृभाषाका रूपमा बोलिन्छन् । ती सम्पूर्ण भाषाहरूका आ-आफ्नै शब्दभण्डार, उच्चारणशैली र व्याकरण व्यवस्था छन् । सम्पूर्ण भाषाभाषीका आ-आफ्नै संस्कृति, रहनसहन, भेषभुषा र जीवन पद्धति छ । नेपाल धार्मिक, भौगोलिक, जातीय, सांस्कृतिक, भाषिक विविधता रहेको देश भए पनि सम्पूर्ण नेपालीहरूबीच एकता कायम रहेको छ । यस एकताको एउटा प्रमुख द्योतक नेपाली भाषा पनि हो । नेपाली भाषा सम्पूर्ण भाषाभाषीबीच सम्पर्क कायम गर्ने माध्यम भई सम्बन्ध प्रगाढ बनाएको छ ।

तसर्थ सम्पूर्ण भाषाभाषीहरूले अर्थको अनर्थ नलाग्ने गरी नेपाली भाषा जान्नु आवश्यक छ । विभिन्न परिवेशमा लेखिएका वा बोलिएका सामग्रीलाई सुनेर वा पढेर विश्लेषणात्मक ढङ्गले बोध गर्न वा मनोरञ्जन प्राप्त गर्न सक्षम हुनु आवश्यक छ । त्यसैगरी आफ्नो मनमा लागेका कुरा बोलेर वा लेखेर प्रभावकारी सञ्चार सम्प्रेषण गर्न सक्ने क्षमता हुनु आवश्यक छ । यसको लागि वर्णविन्यास सम्बन्धी ज्ञान हुनु पर्छ ।

त्रुटि भाषा सिकाइको द्योतक हो । त्रुटिबिनाको भाषा सिकाइ सम्भव छैन । नेपालका विद्यालयहरूमा विभिन्न भाषिक परिवेश भएका विद्यार्थीहरू नेपाली भाषा सिक्न आउँछन् । भाषा सिक्ने क्रममा उनीहरूले नियमित तथा अनियमित दुवै खालका त्रुटिहरू गर्दछन् । यस्ता त्रुटिहरूको विश्लेषण गरी तदनुरूप पाठ्यपुस्तक, पाठ्यसामग्री निर्माण गर्न सकिएमा नेपाली भाषाशिक्षण प्रभावकारी बन्न सक्छ । भिन्न भिन्न भाषिक परिवेशबाट आउने विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा भिन्न भिन्न खालका त्रुटिहरू गर्दछन् । यस्ता त्रुटिहरूको विश्लेषण गरी तदनुरूप पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण गर्न सकिएमा मानक नेपाली भाषा स्तरीय बन्न सक्छ । उनीहरूले वर्णविन्यास, उच्चारण, वाक्यगठन, पदसङ्गति, अनुच्छेदलेखन आदि भाषाका विभिन्न पक्षहरूमा त्रुटिहरू गर्न सक्छन् । उपर्युक्त पक्षमा विभिन्न मातृभाषा तथा भाषिक समुदायका विद्यार्थीहरूले गर्ने त्रुटिहरू पहिचान गरी तिनीहरूको वर्गीकरण र विश्लेषण गरी नेपाली भाषा शिक्षणमा देखिएका थुप्रै समस्याहरूको समाधान गर्न सकिन्छ । यसरी विभिन्न भाषाभाषीमा पाइने त्रुटिहरूको विश्लेषणसम्बन्धी अनुसन्धान गरेर सिकाइ प्रक्रिया, शिक्षणविधि, शिक्षण सामग्री, पाठ्यसामग्रीमा सुधार, संशोधन र पुनर्निर्माण गरी भाषा शिक्षणलाई व्यवस्थित, वैज्ञानिक र उपलब्धिमूलक बनाउन सकिन्छ (भट्टराई, २०६८ : १९) ।

विद्यार्थीहरूमा रहेका कमजोरी एवम् त्रुटिहरूलाई हटाई राम्रो भाषिक क्षमताको विकासका लागि प्रस्तुत शोधकार्य महत्त्वपूर्ण हुनेछ । यस अध्ययनको शीर्षक *कक्षा ११ मा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूले नेपालीभाषाको वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन* रहेको छ । प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश (नेपा.शि. ५९८) को आवश्यकता परिपूर्ति गर्नु रहेको छ ।

वाक्य गठनको सैद्धान्तिक परिचय

विश्वमा भएका प्रत्येक भाषामा शब्द उच्चारणको शैली, पदक्रम, पदसङ्गति र व्याकरणका आ-आफ्नै नियम तथा तरिकाहरू रहेका छन् । उपर्युक्त कुराहरू एकभाषाको अर्को भाषासँग मेल खाने र नखाने दुवै कुरा ती भाषाहरूका भाषिक विशेषतामा भर पर्दछ । अन्य भाषाजस्तै नेपाली भाषाको पनि आफ्नै छुट्टै विशेषता, आफ्नै उच्चारण शैली, निश्चित पदक्रम र पदसङ्गति रहेको छ । उदाहरणका लागि पारिवारिक सामिप्यताले गर्दा नेपाली र हिन्दी भाषाका धेरै शब्दहरू एउटै भएपनि उच्चारण शैलीमा फरक पाइन्छ । जस्तै : *आज* शब्द नेपालीमा अजन्त उच्चारण हुन्छ भने हिन्दीमा हलन्त उच्चारण हुन्छ । यस्ता समान शब्द भएपनि त्यसको फरक अर्थ, फरक पदक्रम, फरक पदसङ्गति आदिको समग्र रूप नै वाक्य गठन हो । वाक्य गठन अन्तर्गत निश्चित भाषाका मौलिक थेगाहरूको प्रयोग, रूढी उखान तथा टुक्काहरूको प्रयोग आदि पनि पर्दछन् ।

वाक्य गठन कुनैपनि भाषाको मौलिक पहिचान हो । कतिपय व्यक्तिले वाक्य गठनलाई पदसङ्गतिको पर्यायको रूपमा पनि लिने गरेको पाइएको छ । वास्तवमा वाक्य गठन र पदसङ्गति एकै होइनन् । पदसङ्गति त वाक्यगठनभित्रको एक पाटो मात्र हो । वाक्यगठनभित्र पदसङ्गतिका साथै शब्दहरूको प्रयोग, पदक्रम, अर्थगत सन्दर्भ आदि पर्दछन् ।

समस्याकथन

नेपालमा नेपाली पछि सबै भन्दा बढी बोलिने भाषा मैथिली हो । मैथिली भाषा र नेपाली भाषा एउटै परिवारका एकै वर्गका भाषा भएपनि यी दुईबीच पर्याप्त पदसङ्गतिगत भिन्नता रहेको छ । यस भिन्नतालाई पार गरेर स्तरीय नेपाली भाषा सिकाउन वाक्य गठनमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ । त्यसमा पनि कक्षा ११ मा अध्ययनरत विद्यार्थीमा लगभग पूर्ण शुद्धता आउनु पर्छ तर वास्तविकता भने यो भन्दा फरक देखिन्छ । कक्षा ११ मा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरू पनि नेपाली भाषा सिक्दा वा प्रयोग गर्दा विभिन्न वाक्यगठनगत त्रुटिहरू गर्दछन् । यो पनि भाषा सिकाइको समस्याको रूपमा रहेको छ । ती त्रुटिहरूसँग सम्बन्धित निम्न समस्याहरू रहेका छन् :-

१. दोस्रो भाषाका रूपमा नेपालीभाषा प्रयोग गर्दा कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूले गर्ने वाक्यगठनगत त्रुटिहरू केकस्ता छन् ?
२. नगर र ग्रामीण क्षेत्रका विद्यार्थीहरूले गर्नेत्रुटिमा के कस्ता भिन्नताहरू पाइन्छन् ?
३. ती त्रुटिहरूका प्रमुख कारणहरू के-के हुन् र उक्त त्रुटिहरूको कसरी पहिचान, वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ?
४. नेपाली भाषाको वाक्य गठनमा मैथिली भाषीहरूद्वारा हुने पदक्रमगत त्रुटिहरू के-कस्ता छन् ?
५. मैथिली भाषीहरूको नेपाली भाषाका वाक्य गठनमा देखिने अर्थगत विचलनहरू के-के हुन् ?
६. ती त्रुटिहरू कतिका गम्भीर छन् र ती त्रुटिहरू कसरी निराकरण गर्न सकिन्छ ?

अध्ययनको औचित्य र महत्त्व

प्रस्तुत शोधकार्यको निष्कर्षले कक्षा ११ मा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइका क्रममा वाक्य गठनमा गर्न सक्ने सम्भावित त्रुटिहरूको पहिचान गरी त्रुटि निराकरण गर्न सहयोग पुऱ्याउने भएकोले यस अध्ययनको औचित्य र महत्त्व निम्नानुसार रहेको छ :

क) पदसङ्गतिगत त्रुटि विश्लेषणबाट विद्यार्थीको भाषा सिकाइको गति, स्तर, प्रवृत्ति पत्ता लगाई सोको निराकरण गर्ने,

ख) मैथिली मातृभाषी विद्यार्थीको सिकाइस्तर, गति आदिको जानकारी लिएपछि सोही आधारमा पृष्ठपोषण गर्न सकिने,

ग) भाषा शिक्षक स्वयम्का लागि शिक्षणका क्रममा पृष्ठपोषण पुग्न सक्ने,

घ) पाठ्यक्रमविद् र पाठ्यपुस्तक निर्मातालाई सहयोग पुऱ्याउने,

ङ) मैथिली मातृभाषी सिकारूले गर्ने त्रुटिको पहिचान वर्गीकरण, व्याख्या गरी समयमै त्रुटिको सम्भावित खतराबाट बच्न सहयोग पुग्ने,

च) नियमित र अनियमित त्रुटिको अध्ययनबाट भाषाको नियम र ज्ञानप्रतिको जानकारीलाई पनि राम्ररी मूल्याङ्कन गर्न सकिने,

छ) प्रभावकारी शिक्षणका निम्ति पदसङ्गतिगत त्रुटिको निराकरणमा प्रोत्साहन गर्न सकिने,

ज) नेपाली मातृभाषी र मैथिली मातृभाषी सिकारूले गरेको पदसङ्गतिगत त्रुटिको अध्ययनबाट उसको भाषिक ज्ञान, सिकाइ आदिको आँकलन गर्न सकिने,

झ) पदसङ्गतिगत त्रुटिको विश्लेषणले अन्तरभाषिक समस्याहरूलाई समाधान गरी दोस्रो भाषा सिकाइमा देखिने भाषिक समस्याको समाधानमा सहयोग पुऱ्याउने,

ञ) व्यतिरेकी विश्लेषणले पूर्वानुमान गरेको कुराबाट पदसङ्गतिगत त्रुटिविश्लेषणले कमजोरी पत्ता लगाई दिने,

ट) क्षमता, रुचि र स्तरअनुसार पाठ्यसामग्री, पाठ्यकम निर्माण गर्न पदसङ्गतिगत त्रुटिविश्लेषण सहयोगी हुने,

ठ) मैथिली भाषाका विद्यार्थीहरूका विभिन्न विषयपक्षमा अनुसन्धान गर्न चाहने शोधार्थीहरूका लागि अधार प्रदान गर्ने,

ड) भाषाको शुद्धता र त्यसको स्तरीयताका लागि भाषाका पदसङ्गतिसम्बन्धी ज्ञान दिने ।

अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनको उद्देश्य सम्बधित शोधसमस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधसमस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ । कुनै पनि कार्य गर्नुको निश्चित उद्देश्य हुन्छ । उद्देश्यबिना गरिएको कार्य सफल नहुन पनि सक्छ । निश्चित योजना बनाई अगाडि बढेमा सफलता हात पर्छ ।

यस शोधका प्रमुख उद्देश्यहरू यस प्रकार रहेका छन् :-

१. दोस्रो भाषाका रूपमा नेपालीभाषा प्रयोग गर्दा कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूले गर्ने वाक्यगठनगत त्रुटिहरू पहिचान गर्नु,

२. नगर र ग्रामीण क्षेत्रका विद्यार्थीहरूले गर्ने त्रुटिमा के कस्ता भिन्नताहरू पत्ता लगाउनु,

३. ती त्रुटिहरूका प्रमुख कारणहरू पत्ता लगाई उक्त त्रुटिहरूको कसरी पहिचान, वर्गीकरण र विश्लेषण गर्नु,

४. नेपाली भाषाको वाक्य गठनमा मैथिली भाषीहरूद्वारा हुने पदक्रमगत त्रुटिहरू पत्ता लगाउनु,

५. मैथिली भाषीहरूको नेपाली भाषाका वाक्य गठनमा देखिने अर्थगत विचलनहरू पत्ता लगाउनु,

६. ती त्रुटिहरूको गम्भीरता र ती त्रुटिहरू कसरी निराकरणका उपाय पत्ता लगाउनु ।

अध्ययनको प्राक्कल्पना

प्रस्तुत शोधकार्यको अनुसन्धानका आधारमा निम्न अनुसारका प्राक्कल्पना तयार गरिएका छन्

१ मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको लेख्य प्रयोग गर्दा नेपाली मातृभाषी विद्यार्थीका तुलनामा वाक्यगठनगत त्रुटि बढी गर्छन् ।

२. मैथिली मातृभाषी विद्यार्थीहरू लिङ्गसम्बन्धी त्रुटिहरू बढी गर्छन् ।

३. अधिकांश त्रुटिहरू भाषिक उच्चारणगत भेदले सृजना भएको छ ।

४. उच्चारणमा सुधार ल्याउनसके धेरै हदसम्म पदसङ्गतिगत त्रुटिमा सुधार आउन सक्छ ।

अध्ययनको सीमा

प्रस्तावित शोधलाई निम्नानुसारका बुँदाका आधारमा सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत शोध अध्ययन वाक्य गठनभित्र पनि लिङ्ग सङ्गति, वचन सङ्गति, आदर सङ्गति, पुरुष सङ्गति तथा वाच्य सङ्गतिमा मात्र सीमित रहने छ ।

ख) यो अध्ययन सुनसरी जिल्लाको जनता उच्च माध्यमिक विद्यालय मधुवन, सुनसरी बहुमुखी क्याम्पस इनरुवा, शारदा उच्च माध्यमिक विद्यालय इनरुवा र नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय अमाहीबेल्हामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहनेछ ।

अध्याय दुई

पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

पूर्वकार्यको समीक्षा

मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूमा केन्द्रित भएर विभिन्न अनुसन्धान कर्ताले अनुसन्धान गरेका छन् । यस क्रममा शोधार्थी सरोज कुमार यादवले स्नातकोत्तर तहको नेपाशि ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि *कक्षा छका मैथिलीभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन* नामक शोधकार्य गरेका रहेछन् । उक्त शोधकार्यमा उनले मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्य गठन गर्दा स्त्रीलिङ्गी कर्तासँग पनि पुलिङ्गी क्रिया, बहुवचन कर्तासँग पनि एकवचन क्रिया, आदरार्थी कर्तासँग अनादरार्थी क्रियाको प्रयोग गर्ने गरेका जस्ता निष्कर्ष निकालेका छन् । त्यसैगरी उनले उपर्युक्त त्रुटिहरू निराकरण गर्न शिक्षकले व्यतिरेकी अध्ययनको सहारा लिनुपर्ने, प्रयोगमूलक अभ्यासमा जोड दिनुपर्ने, पाठ्यक्रम निर्माणमा पनि व्याकरणिक प्रयोगहरूमा जोड दिनुपर्ने, शिक्षकमा व्यवहारिक दक्षता बढाउनु पर्ने, नेपाली भाषाको उत्थानको लागि सचेत गराउनुपर्ने, कक्षामा अधिकतम पुनर्बलको प्रयोग गर्नुपर्ने, दोभाषिक शिक्षकको व्यवस्था गर्नुपर्ने, तल्लोस्तरदेखि नै व्याकरणिक सुधार ल्याउनु पर्ने, भाषाका शिक्षकहरूले खोज अनुसन्धानमूलक सामग्रीहरू पढ्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरेको पाइन्छ (यादव, २०६३ : ४९- ५२) ।

शोधार्थी अशेश्वर यादवले स्नातकोत्तर तहको नेपाशि ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि *कक्षा पाँचमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन* गरेका रहेछन् । उक्त शोधकार्यमा उनले मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा लिङ्गगत त्रुटि बढी गर्ने, बहुवचनका कर्ता तथा विशेष्यसँग एकवचन क्रिया तथा विशेषण प्रयोग गर्ने, द्वितीय पुरुष कर्तासँग तृतीय पुरुषका क्रिया प्रयोग गर्ने, अव्यवस्थित त्रुटि बढी गर्ने कुरा निष्कर्ष निकालेका छन् । त्यसैगरी उनले शिक्षकले व्यतिरकी विश्लेषणको सहारा लिएर पढाउनु पर्ने, प्रयोगमूलक व्याकरणमा जोड दिनुपर्ने, दोभाषिक शिक्षकको व्यवस्था गर्नु पर्ने, पर्याप्त पुनर्बलको व्यवस्था गर्नुपर्ने, भाषाका शिक्षकहरूले खोज अनुसन्धानमूलक लेखहरू पढ्नु पर्नेजस्ता सुझावहरू दिएका छन् (यादव, २०६१ : ५४- ५५) ।

शोधार्थी अमरजङ्ग कट्टेलले स्नातकोत्तर तहको नेपाशि ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि *कक्षा सातमा अध्ययनरत मुसहरभाषी (स्थानीय मैथिली) विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* नामक अध्ययन गरेका रहेछन् । उक्त शोधकार्य दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्दा गर्ने त्रुटिहरूको अध्ययन, विश्लेषण, र पहिचान गरी सोको निराकरण गर्ने उपायको खोजीमा केन्द्रित रहेको देखिन्छ । उनले निष्कर्षमा दोस्रो भाषा सिकाइका क्रममा हुने गरेका त्रुटिहरू लक्ष्यभाषाभन्दा बढी मातृभाषाकै प्रभावले उत्पन्न हुने र केही त्रुटिहरू अध्ययन र अभ्यासको कमीले हुने कुरा उल्लेख गरेका छन् (कट्टेल, २०६५ : ५९)।

शोधार्थी अशोककुमार यादवले स्नातकोत्तर तहको नेपाशि ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि *कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकको शोध अध्ययन गरेका छन् । यस अध्ययनमा मैथिली विद्यार्थीहरूले नेपाली उच्चारण गर्दा के कस्ता त्रुटिहरू गर्दछन् भनी त्यस्ता त्रुटिहरूको पहिचान गरी वर्गीकरण तथा विश्लेषण गरेका छन् । त्यस्ता त्रुटिहरूको निराकरणका लागि आवश्यक सुझावहरू समेत प्रस्तुत गर्ने उद्देश्यमा समेत आधारित रहेर शोधकार्य प्रस्तुत गरेका छन् । उद्देश्यहरू पूरा गर्नका लागि क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरिएको छ । सहयोग सामग्रीको रूपमा मैथिली भाषाका पुस्तकहरू, पत्रपत्रिकाहरू, सरकारी तथा निजी विद्यालयका कक्षा आठका विद्यार्थीहरूलाई समेत नमुनाको रूपमा लिइएको देखिन्छ (गुरागाईं, २०६८ : ४)।

शोधार्थी कञ्चन झाले *"कक्षा चार उत्तीर्ण मैथिलीभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन"* शीर्षकको शोधपत्र प्रस्तुत गरेकी छन् । सो शोधपत्रमा कक्षा चार उत्तीर्ण मैथिली भाषीहरूले नेपाली भाषाको शब्दोच्चारणमा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण, र विश्लेषण गरी निराकरणका उपायहरू पनि बताएकी छन् । यस अध्ययनमा उनले नेपाली र मैथिली भाषाका व्याकरणिक कोटिगत व्यतिरेकले पनि उच्चारणमा प्रभाव पार्ने गरेको तथा तत्सम र तद्भव नेपालीभन्दा ठेठ नेपाली शब्दको उच्चारणमा त्रुटि देखिने र नेपाली शब्दोच्चारणमा सुर तथा आघात पक्षमा विशेष त्रुटि पाइएको निष्कर्ष निकालेकी छन् । त्यसैगरी मैथिली भाषामा क्रियामा लिङ्गभेद नहुने भएकोले नेपाली उच्चारणमा पनि त्यसको प्रभाव पर्न गएको निष्कर्ष निकालेकी छन् (श्याङ्गवा, २०७० : ३)।

पण्डित गोविन्द झाद्वारा लिखित तथा सम्पादित *मैथिली परिशीलन (२०१२)* मा नेपाली तथा मैथिली भाषाको तुलना गर्ने क्रममा यस्तो लेखिएको छ : छिमेकी भएपनि नेपाली र मैथिली भाषामा कुनै

उल्लेखनीय समानता भेटिदैन । मैथिली जस्तै नेपाली पनि 'छ' वर्गकै भाषा हो, त्यसैले 'हुन्छ, हुन्छन्, गर्छ, हुने' इत्यादि ध्वनि मैथिली जस्तै लाग्छ । मैथिलीमा नेपालीबाट केही शब्दहरू आएका छन् जुन नेपालको तराइ क्षेत्रमा प्रचलित छन् ।"

शोधार्थी सीता पोखरेलले स्नातकोत्तर तहको नेपाशि ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि *कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली निबन्ध लेखनमा गर्ने त्रुटिहरूको अध्ययन* नामक शोधकार्य गरेकी छन् । उक्त शोधकार्य दोस्रो भाषाका रूपमा नेपाली सिक्दा गर्ने त्रुटिहरूको अध्ययन, विश्लेषण र पहिचान गरी सोको निराकरण गर्ने उपायको खोजीमा केन्द्रित रहेको देखिन्छ । यस शोधकार्यका लागि उनले प्रत्यक्ष अवलोकन विधिको प्रयोग गरेकी छन् । प्रस्तुत शोधपत्रमा विमातृभाषी विद्यार्थीहरूले एउटै स्थान र एउटै पक्षसँग मात्र सम्बन्धित नभएर विविध प्रकारका त्रुटिहरू गरेको देखिने निष्कर्ष निकालेकी छन् । ह्रस्वसँग सम्बन्धित बढी त्रुटि, नेपाली भाषामा अर्थभेदक नमानिएका स,श,ष सम्बन्धी त्रुटिहरू बढी पाइएको निष्कर्ष उल्लेख छ । ह्रस्व दीर्घ सम्बन्धी 'त्रुटि शब्दका आदि, मध्य र अन्त्य तीनै स्थानमा समान अनुपातमा आएको देखिन्छ । भाषिक शुद्धताको लागि त्रुटिहरूको निराकरण गरिनु पर्छ भन्ने सुझाव उल्लेख गरिएको छ (पोखेल, २०६९ : ५२) ।

रामअवतार यादवबाट *वैज्ञानिक पद्धतिअनुसार मैथिली भाषाका सम्बन्धमा खोज अनुसन्धान* भएको पाइन्छ । उनले यस भाषाको ध्वनिबारे गहिरिएर अध्ययन गरेका छन् । साथसाथै यस भाषाको आधुनिक भाषाविज्ञानका आधारमा व्याकरण तयार गरेका छन् । '*अ रिफेन्स ग्रामर अफ मैथिली*' को प्रकाशनले यसभाषाको थप अध्ययनमा ठूलो टेवा पुगेको छ, साथै अनेक पत्रपत्रिकमार्फत यस भाषाको खोज गरेका छन् । मैथिली भाषाका बारेमा हालसम्म अनुसन्धानरत हुनुहुन्छ । वहाँको मैथिली भाषाको फोनेटिक्स एण्ड फोनोलोजी भन्ने पुस्तकबाट यस भाषा बारेमा केही हदसम्म खाल्टो पुर्ने काम भएको छ ।

योगेन्द्रप्रसाद यादवद्वारा प्रकाशित "*मोभमेन्ट रुल्स इन मैथिली एण्ड इङ्गलिश*" कृतिबाट यी दुई भाषामा अध्ययन अनुसन्धान गरिएको छ । मैथिली र अग्रेजी भाषामा पाइने नियम व्याकरणात्मक दृष्टिबाट के कस्तो छ जस्ता कुरा यहाँ प्रष्ट पारिएको छ । यसप्रकार मैथिली भाषाका विषयमा समय समयमा यहाँ केही न केही वा कुनै न कुनै पक्षबारे चर्चा गर्ने प्रयास धेरै जसो अङग्रेजी पुस्तकहरूबाट भएको देखिन्छ ।

शोधार्थी मोहनप्रसाद गुरागाईले स्नातकोत्तर तहको नेपाशि ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि *भरौल गाविस क्षेत्रका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले नेपाली भाषाको लिखित प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकको शोधकार्य गरेका छन् । उनी उक्त शोधकार्यमा

सम्बन्धित स्थानको भाषिक स्थिति, भाषिक लेखनमा देखिने त्रुटि र सोको निराकरणका उपायमा केन्द्रित रहेका छन् । घर परिवार, छरछिमेक वा सामुदायिक प्रभावका कारण सो भाषा सिकाइमा ठुलो भिन्नता आएको हुन्छ । बहुभाषिक समुदायको बसोवास भएको क्षेत्रका विद्यार्थीहरूले नेपाली भाषामा शुद्ध प्रयोग गर्न निकै मिहिनेत गर्नुपर्ने देखिन्छ । दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्ने थारूभाषी विद्यार्थीहरूले निकै कठिनाइको सामना गर्नु परिरहेको देखिन्छ । नेपाली भाषाको स्तरीय र शुद्ध प्रयोग गर्न सचेतता अपनाउनु पर्ने देखिन्छ । जसका लागि विशेष व्याकरणको व्यवस्था गर्नुपर्ने, व्याकरण अभ्यासमा जोड दिनु पर्ने, समयसमयमा विशेष कक्षा सञ्चालन गर्नुपर्ने निष्कर्ष निकालेका छन् (गुरागाईं, २०६८, ५४-५५) ।

शोधार्थी वासुदेव गौतम (२०५६) ले *कक्षा पाँच पूरा गरेका राजवंशी भाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिहरूको विश्लेषण* शीर्षकमा शोधकार्य गरेका छन् । प्रस्तुत अध्ययनमा कक्षा ५ पूरा गरेका राजवंशी भाषी विद्यार्थीहरूले वाक्य गठनका सन्दर्भमा गर्ने त्रुटि, वर्णविन्यास सम्बन्धी त्रुटि पत्ता लागाई उपयुक्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्ने जस्ता प्रमुख उद्देश्यमा यो शोधकार्य आधारित रहेको देखिन्छ । यस अध्ययनमा मोरङ् जिल्लाको दक्षिणपूर्वी भेकका १० वटा विद्यालयका १०० जना छात्रछात्राबाट नमुना सङ्कलन गरी त्रुटिक्षेत्र पहिल्याउने समेत गरिएको देखिन्छ (गुरागाईं, २०६८, ४) ।

पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

वाक्यगठनगत त्रुटिहरूको अध्ययनको सन्दर्भमा प्रा.वि., नि.मा.वि., तथा मा.वि. तहका विभिन्न मातृभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन भएका शोधकार्यहरू प्रशस्त छन् । विशेषतः यी अनुसन्धनात्मक शोधकार्यहरूले त्रुटिका क्षेत्र, मात्रा प्रस्तुत गरेपनि निराकरणका लागि वैज्ञानिक र भरपर्दो उपाय प्रस्तुत गर्न सकेका छैनन् । आखिर यी अनुसन्धनात्मक शोधपत्रद्वारा वाक्यगठनगत त्रुटिविश्लेषणको अध्ययन गर्ने गोरेटो प्रदान गरेको छ । कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने वाक्यगठनगत त्रुटिहरूको अध्ययनमा केन्द्रित भएर शोधकार्य भएका छैनन् । यी शोधपत्रहरूको उपलब्धताको कमी भएपनि वर्णविन्यासगत त्रुटिहरूको अध्ययनमा आधारित शोधपत्र प्रशस्त पाउन सकिन्छ । यस प्रकृतिका शोधपत्रहरूबाट सान्दर्भिकता, उपयुक्तता, क्रमिकता, निरन्तरता आदिको अध्ययन गर्ने आधार प्राप्त गर्न सकिन्छ । पूर्व लिखित शोधअनुसन्धानबाट थप नयाँ ज्ञान तथा नयाँ

खोजको ढोका खुल्दछ । तसर्थ यस शोधअनुसन्धानको लागि पूर्वकार्यहरूलाई मार्ग दर्शनको रूपमा लिइएको छ । कक्षा ११ का मैथिली मातृभाषी विद्यार्थीहरूमा आधारित प्रस्तुत शोधकार्यद्वारा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूका लागि त्रुटिसुधार गर्ने आधारहरू प्रदान गर्न सक्छ । उक्त विद्यार्थीहरूका लागि मानक नेपाली भाषा सिकाइमा सहयोग गर्छ । आजसम्म कक्षा ११ मा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन हुन नसकेको अवस्थामा यो नितान्त मौलिक अनुसन्धानात्मक कृति रहेको छ । यस शोधपत्रका लागि नेपाल प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित नेपाली वृहत शब्दकोश र पाठ्क्रम विकास केन्द्रद्वारा वि.सं. २०६९/३/२९ मा प्रस्तुतवर्णविन्याससम्बन्धी नियमहरूलाई महत्त्वपूर्ण सामग्रीको रूपमा लिइएको छ । भाषा अनुसन्धानसँग सम्बन्धित पाठ्यक्रम र मूल्याङ्कनका पुस्तकहरू, नेपाली व्याकरणका पुस्तकहरू पनि त्यतिकै उपयोगी छन् ।

सैद्धान्तिक/धारणात्मक संरचना

प्रस्तुत शोधकार्यका लागि निम्नानुसारको संरचना अपनाइएको छ :

भौगोलिक क्षेत्र निर्धारण

↓↓

कलेज तथा विद्यालय छनोट

↓↓

नमुना विद्यार्थी छनोट

↓↓

प्रश्नावली, निबन्ध लेखन, अन्तवार्ता कार्यको प्रयोग

↓↓

त्रुटिपूर्ण वाक्यहरूको पहिचान तथा सङ्कलन

↓↓

त्रुटिको वर्गीकरण तथा विश्लेषण

↓↓

प्रतिवेदन लेखन

उपर्युक्त संरचनाअनुसार यस अध्ययनका लागि सुनसरी जिल्लाका पश्चिमी मध्य क्षेत्रमा रहेका स्थानहरू इनरुवा र दक्षिणी क्षेत्रमा रहेको अमाही बेल्हालाई छनोट गरियो । यी ठाउँहरुको छनोटमा कुनै वैज्ञानिकता नभई अध्ययनकर्ताको सुविधा अनुसारको क्षेत्र छनोट गरिएको छ । यी स्थानमा रहेका उ.मा.वि. तथा कलेजको छनोटमा भने विशेष ध्यान पुऱ्याएको छ । मैथिली मातृभाषीको अधिकतम बसोबास रहेको तथा ग्रामीण स्थान मधुवनको ज.उ.मा.वि. छनोट गरिएको छ, थारुभाषीको बढी प्रभाव रहेको ग्रामीण स्थान अमाहीबेल्हाको ने.रा.उ.मा.वि. को छनोट गरिएको छ । त्यसैगरी सहरी क्षेत्रका मैथिली मातृभाषीको अधिकतम् बसोबास रहेको क्षेत्रमा रहेको सु.ब.क्या. को छनोट गरिएको छ भने नेपाली मातृभाषीको अधिकतम बसोबास रहेको क्षेत्रमा रहेको शा.उ.मा.वि.को छनोट गरिएको छ ।

छनौट गरिएका विद्यालय तथा कलेजहरूबाट अध्ययनका लागि ४०/४० विद्यार्थीहरू छनोट गरिएको छ । शोध कार्यलाई व्यतिरेकी माध्यमबाट पूरा गर्नको लागि उपर्युक्त विद्यार्थीहरुमा पनि २० जना मैथिली मातृभाषी, १० जना नेपाली मातृभाषी र १० जना अन्य मातृभाषी पर्ने गरी छनोट गरिएको छ ।

यसरी छनोट गरिएका विद्यार्थीहरुलाई स्वतन्त्र लखन (निबन्ध लेखन) गर्न लगाई तथा केही वाक्यहरूलाई अनुवाद गर्न लगाई उत्तरपुस्तिकामा देखिएका त्रुटिहरू सङ्कलन गरी सोको विश्लेषणद्वारा निष्कर्ष निकाली प्रतिवेदन तयार गरिएको छ । साथै सम्बन्धित विद्यालय तथा कलेजका अध्यापक/प्राध्यापकसँगको छलफल तथा अन्तर्वार्ताको सारलाई पनि प्रतिवेदन तयारीको आधार बनाइएको छ ।

भाषाको सिकाइ र शिक्षणका क्रममा कुनै व्यक्तिबाट गरिने त्रुटिहरूको वर्णन र विश्लेषण गरिने कार्य नै त्रुटिविश्लेषण हो त्रुटिविना भाषाको सिकाइ वा आर्जन सम्भव नै छैन किनभने केही न केही गल्ती नगरी हामी सिक्नै सक्दैनौं । भाषाको आर्जन वा सिकाइ जबजब गर्दै जान्छौँ तबतब त्रुटिका साथै त्यसलाई परिमार्जन गर्दै जान्छौँ र भाषा सिक्छौँ । पहिले-पहिले त्रुटिलाई असफलता र बौद्धिक कमजोरीका सङ्केतको रूपमा मानिन्थ्यो तर अहिले आएर यसलाई सफलता, प्रगति र विकासशील प्रक्रियाको रूपमा

लिइएको पाइन्छ । त्रुटिका सम्बन्धमा संरचनावादी र मनोवादी सम्प्रदायहरूले यसलाई आआफ्नै किसिमले चिनाउन खोजेका छन् ।

संरचनावादीहरूका अनुसार त्रुटि भनेको अभ्यासको कमी, आदत र असफलताको द्योतक हो । यिनीहरू त्रुटिलाई नकारात्मक पक्षबाट हेर्दै सिकारूको कमीकमजोरी ठान्दछन् । मनोवादीहरूका अनुसार भने सिकारूले त्रुटि नगरी भाषा सिक्न सक्दैनन् । एस. पिट. कर्डरका अनुसार त्रुटि पनि सिकाइको सकारात्मक पक्ष हो र सिकाइमा त्रुटि हुनु भनेको विकास प्रक्रियाको सङ्केत हो । मनोवैज्ञानिक अवधारणाअनुसार नयाँ परिस्थितिसँग सामना गर्नको लागि विभिन्न स्वभाविक प्रतिक्रिया गरिन्छ, जसमा धरैजसो भूल हुने स्थिति आउन सक्छ । अनि यसो गर्दागर्दै अचानक सफल प्रतिक्रिया वा प्रयास प्राप्त गर्न पुगिन्छ र त्यही सफल प्रतिक्रियालाई पुनरावृत्ति गर्दा भूल क्रमशः कम हुँदै गएर भूलको अन्त्य भई सिकाइमा सफलता प्राप्त गरिन्छ । यसपछि सिकारूले उसको चाहना अनुरूप अपेक्षित कार्य गर्न सकिहाल्छ । उपयुक्त समयमा सिकाइको उपयोग गर्न सक्षम हुन्छ । यस किसिमको प्रक्रियालाई सिकाइ सिद्धान्तको क्रममा प्रयत्न र भूलको सिकाइ सिद्धान्त भनिन्छ । यसबाट के सिद्ध हुन्छ भने प्रयत्न जति गऱ्यो त्यति भूल कम हुँदै र त्रुटिमा कमी आउँदै गई भाषाको प्रभावकारी सिकाइ हुन जान्छ । यस्तै लक्ष्यभाषाको सिकाइस्तर स्रोत भाषाको व्यतिरेक स्तरमा निर्भर हुन्छ भन्ने यसको अर्को मान्यता रहेको छ ।

प्रस्तुत शोधकार्य भाषाविज्ञानको त्रुटिविश्लेषणको सिद्धान्तमा आधारित रहेको छ । भाषिक सिकाइका लागि त्रुटिविश्लेषण अत्यन्त महत्त्वपूर्ण मानिन्छ । भाषा सिकाइको क्रममा देखिने त्रुटिलाई सिकारूको कमजोरीको रूपमा नलिई उसको पूर्वज्ञान र वर्तमान अवस्था पत्ता लगाउने आधारको रूपमा लिन सकिन्छ । त्रुटिको प्रमुख क्षेत्र पत्ता लागाई सो क्षेत्रमै केन्द्रित रही त्रुटि निराकरणद्वारा अघि बढ्ने हो भने झन सहज र प्रभावकारी हुन्छ । प्रस्तुत शोधकार्यमा त्रुटिलाई विश्लेषण र वर्गीकरण गर्न डा. पारसमणि भण्डारीद्वारा प्रस्तुत त्रुटिविश्लेषण सिद्धान्तलाई आधार मानिएको छ । त्यसै गरी भाषिक शुद्धताको नियमका लागि हेमाङ्गराज अधिकारीद्वारा लिखित समसामयिक नेपाली व्याकरणलाई आधार मानिएको छ । यसका साथै वर्णविन्यासगत शुद्धताको लागि पाठ्यक्रम विकास केन्द्रद्वारा प्रस्तुत २०६९ साउन २९ गते मन्त्रीपरिषददद्वारा स्वीकृत वर्णविन्यास सम्बन्धी नियमहरू तथा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित वृहत नेपाली शब्दकोशलाई आधार मानिएको छ । यसरी उपर्युक्त पुस्तकहरूको आधारमा यो शोध अनुसन्धान प्रक्रिया सम्पन्न गरिएको छ ।

अध्याय : तीन

अध्ययनको प्रक्रिया/विधि

अध्ययनको संरचना

प्रस्तुत अध्ययन प्रयोगात्मक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा सर्वेक्षण विधि र तुलनात्मक विधिको प्रयोग गरिएको छ। सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक, विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरेर निष्कर्षमा पुगिएको छ।

प्रस्तुत अध्ययन सर्वेक्षणात्मक र प्रयोगात्मक कार्यमूलक प्रकृतिको रहेको छ । यस शोधकार्यले केवल स्नातकोत्तर तहको पाठ्यांशमात्र पूरा गर्ने कार्य नगरी मैथिली भाषी विद्‌यार्थीको नेपाली भाषा सिकाइ प्रक्रिया, त्रुटिका क्षेत्र, कारण र समाधान तथा स्तरीय सिकाइको उपाय समेत प्रस्तुत गरेको छ।

जनसङ्ख्या र नमुना

प्रस्तुत शोध अध्ययनको लागि सुनसरी जिल्लामा रहेका सम्पूर्ण उच्च माध्यमिक विद्यालय र कक्षा ११,१२ अध्यापन गराउने सम्पूर्ण कलेज तथा शैक्षिक संस्थाहरु यस अध्ययनका लागि जनसङ्ख्या हुन् । साथै उपर्युक्त विद्यालय तथा शैक्षिक संस्थाहरूमा कक्षा ११ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु यस शोध अनुसंधानका लागि जनसङ्ख्या हुन् ।

नमुना छनोट प्रक्रिया

प्रसतुत शोध कार्यका लागि नमुना छनोट गर्दा स्तरीकृत नमुना छनोट र कोटा नमुना छनोट प्रक्रियाद्वारा नमुना छनोट गरिएको छ । यस शोधकार्यमा सुनसरी बहुमुखी क्याम्पस (इनरुवा), जनता उच्च माध्यमिक विद्यालय (मधुवन), श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय (अमाहीबेल्हा) र श्री शारदा उच्च माध्यमिक विद्यालय (इनरुवा) मा कक्षा ११ मा अध्ययनरत मैथिली मातृभाषी तथा नेपाली मातृभाषी विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ ।

उनीहरूलाई कक्षामा निबन्ध, व्याख्यात्मक प्रश्न आदि लेख्न लगाई सो पुस्तिका, उनीहरूका अभ्यास पुस्तिका, आन्तरिक परीक्षाका पुस्तिका आदिलाई विश्लेषण गरिएको छ । त्यसैगरी हेमाङ्गराज अधिकारीद्वारा लिखित समसामयिक नेपाली व्याकरण तथा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रस्तुत २०६९ साउन २९ गते मन्त्रीपरिषदद्वारा स्वीकृत वर्णविन्यास सम्बन्धी नियमहरू तथा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित वृहत नेपाली शब्दकोशलाई विश्लेषणको आधार मानिएको छ ।

सुनसरी बहुमुखी क्याम्पस (इनरुवा), जनता उच्च माध्यमिक विद्यालय (मधुवन), श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय (अमाहीबेल्हा), र श्री शारदा उच्च माध्यमिक विद्यालय (इनरुवा) का कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरू मध्ये २०/२० जना मैथिली मातृभाषी विद्यार्थी र २०/२० जना नेपाली मातृभाषी गरी जम्मा १६० विद्यार्थीहरू लिइएको छ । नेपाली मातृभाषी र मैथिली मातृभाषीको तुलनात्मक/व्यतिरेकी अध्ययनको लागी यस प्रकारको नमुना छनोट गरिएको हो ।

सो २०/२० जना छनोट गर्दा पनि विशेष क्षमतावान, सामान्य र निम्न सबै स्तर समूहबाट नमुना सङ्कलन गरिएको छ । त्यसै गरी सम्भवतः नेपाली भाषिक वातावरण भएका, मैथिली भाषिक वातावरण र अन्य भाषिक वातवरण भएकाहरूको पनि प्रतिनिधित्व हुनेगरी नमुना छनोट गरिएको छ । घरको सामाजिक-आर्थिक वातावरणले समेत भाषिक सीप विकासमा प्रभाव पार्ने भएकोले आर्थिक अवस्था सबल भएका र कमजोर भएका दुबै वातावरणका नमुना प्रयोग गरिएको छ ।

तथ्याङ्क सङ्लनका साधन

प्राथमिक सामग्री

कक्षा ११ मा अध्ययनरत मैथिली मातृभाषी तथा नेपाली मातृभाषी विद्यार्थीहरूका आन्तरिक परीक्षाका उत्तरपुस्तिकाहरू, गृहकार्य तथा कक्षा कार्य गरेका अभ्यास पुस्तिकाहरूका साथै वस्तुगत प्रश्नहरू तथा कक्षामा सिर्जनात्मक लेखन गराई सो सामग्रीहरूलाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ । त्यसैगरी सर्वेक्षण, अन्तरवार्ता, अवलोकन, प्रश्नावली आदिको समेत प्रयोग गरिएको छ ।

द्वितीयक सामग्री

कक्षा ११ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको रिपोर्ट तथा यस उमेर समुहका विद्यार्थीहरूले गर्ने त्रुटिकाबारेमा लिखित अन्य सामग्रीहरू, नेपाली शब्दसागर, विभिन्न नेपाली व्याकरणहरू, अध्ययन प्रतिवेदनहरू, शोधसारहरू अदिलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिने छ ।

तथ्याङ्क सङ्कलनका प्रक्रिया

अनुसन्धान वैध, विश्वसनीय वस्तुनिष्ठ बनाउन उपकरण आवश्यक पर्दछ । प्रस्तुत शोधकार्य प्रथमिक श्रोतलाई कक्षा ११ को पाठ्यपुस्तक तथा विद्यार्थीहरूलाईलाई आधार मानी प्राथमिक तथा द्वितीयक स्रोतका आधारमा तयार गरिएको छ । यस शोधकार्यमा पुस्तकालयीय अध्ययन र क्षेत्रीय अध्ययन दुवै विधिको प्रयोग गरिएको छ ।

क) यस कार्यमा कक्षा ११ का विद्यार्थीहरूका स्वतन्त्र लेखनका सामग्रीहरू, अभ्यासपुस्तिका, आन्तरिक परीक्षाका उत्त्रपुस्तिका आदि समग्रीलाई सामग्री सङ्कलनको आधार बनाइएको छ ।

ख) यसमा विभिन्न मानक नेपाली व्याकरणहरू, नेपाली शब्दसागर र सम्भावित पत्रपत्रिका अनुसन्धानसँग सम्बन्धित पुस्तक लेख रचनालाई आधार बनाइएको छ ।

ग) आदरणीय गुरूहरूको राय-सुझावलाई मार्ग दर्शनका रूपमा लिइएको छ ।

तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुत शोधको विधि तथा प्रक्रिया मुलतः सर्वेक्षण विधि, तुलनात्मक विधि र व्याख्या विश्लेषण विधि समेत उपयोग गरिएको छ । उपर्युक्त विधिहरूको प्रयोग गरी आगमनात्मक विधिद्वारा निष्कर्षमा पुगिएको छ । प्रस्तुत शोधकार्यमा निम्न लिखित प्रक्रियाका आधारमा प्रस्तुत शोधकार्य अगाडि बढाइएको छ ।

प्रथम चरण : उपलब्ध सामग्रीहरूबाट मैथिली मातृभाषी र नेपाली मातृभाषी विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई छुट्टाछुट्टै सङ्कलन गरिएको छ ।

दोस्रो चरण : ती त्रुटिहरू कस्ता प्रकृतिका त्रुटिहरू हुन भनी वर्गीकरण गरिएको छ । सर्वप्रथम यस चरणमा सिकारूले कुन प्रकारमो त्रुटि गरिरहेको छ भनेर राम्ररी अध्ययन गरिएको छ । त्यसपछि त्रुटिहरू विभिन्न कोटि उपकोटिमा वर्गीकृत गरिएको छ । त्यस्ता त्रुटिहरू व्यक्तिनिष्ठ वा समूहनिष्ठ, उत्पादनात्मक वा पहिचानात्मक, मूर्त वा अमूर्त, आंशिक वा समग्र, अन्तरभाषिक वा समग्र, अर्थबाधक वा अर्थअबाधक कस्ता प्रकृतिका छन् स्पष्ट वर्गीकरण गरिएको छ ।

तेस्रो चरण : यस चरणमा ती प्रकृतिका त्रुटिको कारण पत्ता लगाइएको छ । (भाषिक दुरी, मानसिक एवम् बौद्धिक स्तर, उमेर, अभिप्रेरणा, वातावरण, सावधानिकता, लिङ्ग, साथी)

चौथो चरण : यस चरणमा त्रुटि निराकरणको उपायहरू प्रस्तुत गरिएको छ ।

अध्याय चार

व्याख्या र विश्लेषण

नतिजा/परिणाम

सुनसरी जिल्ला नेपाली मातृभाषी र मैथिली मातृभाषीहरूको समावशी समाजको रूपमा रहेको छ । यहाँका मैथिली मातृभाषी तथा नेपाली मातृभाषीहरू एकैसाथमा मिलेर बस्ने, सँगै घुमफिर गर्ने आदि गर्नाले एकअर्कामा एकअर्काको भाषाको प्रत्यक्ष प्रभाव पर्न गएको देखिन्छ । यहाँका नेपाली मातृभाषीहरूले नेपाली बोल्दा त्यसमा मैथिलीको प्रभाव परेको प्रत्यक्ष देख्न सकिन्छ भने मैथिली मातृभाषीहरूले नेपाली बोल्दा पनि धेरै हदसम्म सङ्गति मिलेकै देखिन्छ । त्यसमा पनि कक्षा एघारमा अध्ययनरत विद्यार्थीको भाषिक प्रयोगमा धेरै सुधार भइसकेको पाइन्छ । उनीहरूको नेपाली बोलाइमा केही विसङ्गति देखिए पनि लेखाइमा अधिकतम सङ्गति रहेको पाइन्छ । त्यसैले यस अध्ययनमा लिखितको साथै मौखिक स्रोतबाट समेत सामग्री सङ्कलन गएिको छ ।

वस्तुगत परीक्षणमा विद्यार्थी बढी सचेत भई वास्तविक तथ्याङ्क प्राप्त हुँदैन । त्यसमा पनि कक्षा एघारमा पुगिसकेका विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउनु पर्ने भएकोले यहाँ वस्तुगतभन्दा पनि विषयगत प्रश्नहरू दिई नजानिदो तरिकाबाट उनीहरूले गर्ने पदसङ्गतिगत त्रुटिहरूको अध्ययन गरिएको छ । उनीहरूले आपसमा गरेका कुराकानीहरूलाई पनि अनौपचारिक रूपमा सङ्कलन गरी विश्लेषणको लागि प्रयोग गरिएको छ । उनीहरू माथि विषयगत तथा वस्तुगत प्रश्नहरू प्रयोग गरिएको छ । साथै विद्यालयसँग अनुरोध गरी विभिन्न आन्तरिक परीक्षामा लेखेका विषयगत उत्तरहरूलाई समेत केही हदसम्म विश्लेषणको लागि प्रयोग गरिएको छ । विद्यार्थीहरूबाट प्राप्त यस्ता लिखित तथा मौखिक सामग्रीहरूलाई विश्लेषण गर्दा निम्नानुसारको त्रुटियुक्त वाक्य र तिनका तथ्याङ्क नतिजा प्राप्त भयो :

(क) मैथिली मातृभाषीले गरेका त्रुटिको समग्र अवस्था :

शोधकार्यको अध्ययन क्रममा मैथिली मातृभाषीहरूले नेपालीको वाक्य गठनमा पदसङ्गतिसम्बन्धी गरेका त्रुटिहरूलाई पहिचान, सङ्कलन तथा वर्गीकरण गर्दा निम्नानुसारको परिणाम प्राप्त भयो :

तालिका सं. : ४.१

	कर्ता-क्रिया सम्बन्धी त्रुटि	भेद्य-भेदक सम्बन्धी त्रुटि	विशेषण-विशेष्य सम्बन्धी त्रुटि	जम्मा त्रुटि
वचन	२२४	५०	५४	३२८
लिङ्ग	२१४	३८	४६	२९८
पुरुष	३४	-----	-----	३४
आदर	३२	-----	-----	३२
वाच्य	३०	-----	-----	३०
जम्मा	५३४	८८	१००	७२२

त्रुटि विवरण प्रतिशतमा

तालिका सं. : ४.२

	कर्ता-क्रिया सम्बन्धी त्रुटि	भेद्य-भेदक सम्बन्धी त्रुटि	विशेषण-विशेष्य सम्बन्धी त्रुटि	जम्मा त्रुटि
वचन	४२ %	५७ %	५४ %	४५.४३ %
लिङ्ग	४० %	४३ %	४६ %	४१.२७ %
पुरुष	७ %	---------	---------	४.७१ %
आदर	६ %	---------	---------	४.४३ %
वाच्य	५ %	---------	---------	४.१६ %
जम्मा	१०० %	१०० %	१०० %	१०० %

त्रुटि विवरण

चार्ट सं. : ४.१



माथिका तथ्याङ्कलाई अध्ययन गर्दा मैथिली मातृभाषीहरूले सबैभन्दा बढी कर्ता-क्रियाबीचको सङ्गतिमा त्रुटि गर्ने गरेको देखिन्छ। भेद्य-भेदक तथा विशेषण-विशेष्यमा भने त्रुटि गरे पनि यसको मात्रा भने कमै रहेको देखिन्छ। त्यसैगरी अझ भित्र गएर केलाउँदा मैथिली मातृभाषीहरूले नेपाली वाक्य गठनमा क्रमशः वचन, लिङ्ग, पुरुष, आदर र वाच्यका क्षेत्रमा बढीदेखि कम त्रुटि गर्दै आएको देखिन्छ ।

(ख) त्रुटिक्षेत्रका आधारमा

शोध अध्ययनको क्रममा पाइएका त्रुटिहरूलाई वाक्यका भागका अनुसार यसरी प्रस्तुत गरिएको छ :

तालिका सं. : ४.३

त्रुटि	सङ्ख्यामा	प्रतिशतमा
कर्ता-क्रिया	५३४	६४ %
भेद्य-भेदक	८८	१७ %
विशेषण-विशेष्य	१००	१९ %
जम्मा	७२२	१०० %

चार्ट सं. : ४.२



वाक्यका भागअनुसार अध्ययन गर्दा सबैभन्दा बढी कर्ता-क्रियाबीचको सङ्गतिमा त्रुटि देखिएको छ भने दोस्रो स्थानमा विशेषण-विशेष्य र तेस्रो स्थानमा भेद्य-भेदकसम्बन्धी त्रुटि देखापरेको छ ।

(ग) कर्ता र क्रियाको क्षेत्रमा त्रुटि

प्रस्तुत शोध अध्ययनमा सबैभन्दा बढी कर्ता-क्रियाबीचको सङ्गतिमा त्रुटि देखापरेकोले कर्ता-क्रियाबीच पनि व्याकरणगत कोटिअनुसार कुन कोटिमा कति त्रुटि देखिए भन्ने तथ्याङ्कलाई यसरी प्रस्तुत गरिएको छ :

तालिका सं. : ४.४

त्रुटि	सङ्ख्यामा	प्रतिशतमा
वचन	२२४	४१.९४ %
लिङ्ग	२१४	४०.०७ %
पुरुष	३४	०६.३७ %
आदर	३२	०६.०० %
वाच्य	३०	०५.६२ %
जम्मा	५३४	१०० %

चार्ट सं. : ४.३



कर्ता-क्रियाबीचको त्रुटिहरू मध्ये पनि सबैभन्दा बढी वचनसम्बन्धी त्रुटि र सबैभन्दा कम वाच्यसम्बन्धी त्रुटि भएको देखिन्छ । त्यसैगरी लिङ्सम्बन्धी त्रुटि पनि निकै नै हुनेगरेको देखिन्छ । क्रमशः पुरुष र आदरसम्बन्धी त्रुटि कम हुँदै आएको देखिन्छ ।

छलफल / व्याख्या

लिङ्गका आधारमा नेपाली र मैथिलीको वाक्य गठन

क) कर्ता र क्रियाबीचको सङ्गति

लिङ्गका आधारमा नेपाली र मैथिली भाषाका कर्ता र त्रियाबीचको पदसङ्ति तथा यससँग सम्बन्धित देखिएका त्रुटिहरू :

तालिका सं. : ४.५

	पुलिङ्ग	स्त्रीलिङ्ग
नेपाली	१) छोरो गयो । २) बुबा जानुभयो । ३) काका जानुहुन्छ । ४) नाति जान्छ । ५) छोराहरू गए ।	१) छोरी गई । २) आमा जानुभयो । ३) काकी जानुहुन्छ । ४) नातिनी जान्छे । ५) छोरीहरू गए ।
मैथिली	१) बेटा गेल २) पिता गेलाह । ३) काका जयताह । ४) नाती जायत । ५) बेटा सब गेल ।	१) बेटी गेलि । २) माता गेलीह । ३) काकी जइतिह । ४) नातिनी जाइति । ५) बेटी सब गेली ।

(झा, २०१२ : १०३)

देखिएका त्रुटिपूर्ण वाक्यहरू

राधा कक्षा आठमा पढ्छ ।

मेरो नाम अनिता हो । म भविष्यमा स्टाफ नर्स बन्ने लक्ष्य लिएको छु ।

छोरी साँझमा मात्र फर्किन्छ, सबैकाम मैले नै गर्नु पर्छ ।

बहिनी त घरमै बस्छ होला ।

मथिको तालिका सं. : ४.५ का आधारमा विश्लेषण गर्दा नेपाली भाषामा कर्ताको लिङ्गअनुसार क्रियाको रूप चल्छ तर बहुवचनका क्रियामा र उच्च आदरार्थी क्रियामा भने लिङगसङ्गति रहेको देखिदैन । त्यसैगरी मैथिली भाषाका क्रियामा पनि लिङ्गसङ्गतिको व्यवस्था रहेको पाइन्छ । मैथिली भाषामा त झन बहुवचनका क्रिया र उच्च आदरार्थी क्रियामा समेत लिङ्ग व्यवस्था रहेको देखिन्छ । तसर्थ मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको लिङ्गसङ्तिमा त्रुटि नगर्नुपर्ने हो । यद्यपि हामीसँग अध्ययनमा प्राप्त जानकारीअनुसार लिङ्गसम्बन्धी पर्याप्त त्रुटिहरू गर्ने गरेको देखिन्छ । यसका कारणहरू खोतल्दा

विद्यार्थीहरूको असचेतनाका कारण यस्ता त्रुटिहरू हुने गरेको निष्कर्ष निकाल्न सकिन्छ । त्यसै गरी मैथिली भाषाकै स्थानीय बोलीमा लिङ्गसङगति नमिलाई बोल्ने गरेको समेत पाइएकोले सोको प्रभावका कारणसमेत यस्ता त्रुटिहरू भएको समेत निष्कर्ष निकाल्न सकिन्छ । तल्ला तहमा अध्ययनरत बालबालिकाले यस क्षेत्रसँग सम्बन्धित त्रुटि बढी गर्ने गरेको पाइए पनि कक्षा एघारमा अध्ययनरत विद्यार्थीले यस्तो त्रुटि गरेको देखिदैन । यसरी नेपाली र मैथिली दुवै भाषामा कर्ता-क्रियाबीच लिङ्गसङगतिको व्यवस्था रहेकोले सिकाइको सकारात्मक स्थानान्तरण भई सिकाइ सहज हुने देखिन्छ ।

ख) विशेषण विशेष्यबीचको सङ्गति

तालिका सं. : ४.६

	पुलिङ्ग	स्त्रीलिङ्ग
नेपाली	१) ठूलो काका २) गोरो पुरुष ३) गोरा पुरुषहरू ४) कान्छो भाइ	१) ठूली काकी २) गोरी महिला ३) गोरा महिलाहरू ४) कान्छी बहिनी
मैथिली	१. बड़का काका २. गोर मरद ३) गोर मरद सब ४) छोट्का भाइ	१. बड़की काकी २. गोरकी माउगी ३) गोरकी माउगी सब ४) छोट्की बहिन

(झा, २०१२ : १०३)

देखिएका त्रुटिपूर्ण वाक्यहरू

सानो बहिनी कक्षा पाँचमा पढ्छ ।

त्यो केटी त कति गोरो छ, आफू भने यस्तो ।

सानी बहिनीहरूलाई त साँझमा एकछिन भएपनि पढाइदिनै पर्छ, आफूलाई त पढ्ने फूर्सदै हुँदैन ।

मथिको तालिका सं. : ४.६ लाई अध्ययन गर्दा नेपाली र मैथिली दुबै भाषामा विशेषण-विशेष्यबीच लिङ्गसङ्तिको व्यवस्था रहेको देखिन्छ । नेपालीमा एकवचनका विशेष्य-विशेषणबीच लिङ्ग व्यवस्था रहेको भएपनि बहुवचनका विशेष्य-विशेषणबीच भने लिङ्ग व्यवस्था रहेको देखिदैन । मैथिली भाषामा भने एकवचन र बहुवचन दुबैमा विशेष्य-विशेषणबीच लिङ्गव्यवस्था रहेको छ । तसर्थ मैथिली मातृभाषी विद्यार्थीहरू नेपाली भाषाको वाक्यगठनमा विशेष्य-विशेषणबीच लिङ्गसङ्तिमा त्रुटि नगर्नु पर्ने हो तर यस अध्ययनमा प्राप्त तथ्याङ्कमा यससँग सम्बन्धित त्रुटिहरू पनि निकै भएको देखिन्छ । यस त्रुटिको कारण पनि विद्यार्थीमा रहेको असचेतना नै हो । त्यसैगरी मैथिली भाषाको यतातिरको स्थानीय बोलीमा यस्तो सङ्गति कमै रहेको कारण पनि यसको जननी रहेको कुरा भने स्वीकार गर्नैपर्ने देखिन्छ । यसरी स्रोतभाषा र लक्ष्यभाषाको नियम विविधताले गर्दा सिकाइको नकारात्मक स्थानान्तरण भई सिकाई जटिल बन्न पुगेको छ ।

ग) भेद्य र भेदकबीच लिङ्गसङ्गति

तालिका सं. : ४.७

	पुलिङ्ग	स्त्रीलिङ्ग
नेपाली	१. मेरो छोरो २. उसको भाइ ३) मेरा छोराहरू	१. मेरी छोरी २. उसकी बहिनी ३) मेरा छोरीहरू
मैथिली	१. हमर बेटा २) ओकर भाए ३) हमर बेटा सब	१. हमर बेटी २. ओकर बहिन ३) हमर बेटी सब

देखिएका त्रुटिपूर्ण वाक्यहरू

मरो दिदीको बिहेमा म केही हेर्न पाउँदिन होला, अर्को दिनदेखि नै इक्जाम रहेछ ।

सीताकी भाइ त कति बदमास पो रहेछ, जहिलै दिदीसँगै बाझ्छ ।

रामको दिदी पनि त यसै क्याम्पसमा पढेको हो नि ।

आफ्नो बहिनीलाई त कम्तिमा सम्झाउनू ।

माथिको तालिका सं. : ४.७ का आधारमा विश्लेषण गर्दा नेपाली भाषामा भेद्य-भेदकबीच लिङ्गव्यवस्था रहेको पाइन्छ तर मैथिली भाषामा भेद्य-भेदकबीच लिङ्ग व्यवस्था रहेको पाइदैन । यस आधारमा हेर्दा मैथिली मातृभाषीले नेपाली भाषाको वाक्य गठनमा भेद्य-भेदकबीच लिङ्गसङ्गतिमा त्रुटि गर्न सक्ने देखिन्छ । अनुसन्धानमा प्राप्त तथ्याङ्कअनुसार पनि यस क्षेत्रमा निकै त्रुटि भएको देखिन्छ । यसरी स्रोत भाषा र लक्ष्य भाषाको फरक नियमले गर्दा सिकाइको नकारात्मक स्थानन्तरण भई सिकाइ जटिल बन्न पुगेको छ । जस्तै :

रामको बहिनी कक्षा आठमा पढ्छ ।

तिम्रो छोरी साह्रै सुन्दर छ । आदि

नेपाली र मैथिली दुवै भाषाका कर्ता, क्रिया, भेदक, विशेषणका तहमा लिङ्ग व्यवस्था रहेकोले मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटि कमै देखिन्छ । तल्ला कक्षाका विद्यार्थीहरूले नेपाली भाषाको वाक्य गठनमा लिङ्गसम्बन्धी त्रुटिहरू गरेको देखिएपनि कक्षा एघारका विद्यार्थीहरूमा यस्तो त्रुटि देखिदैन । केही मात्रामा त्रुटि देखिनु कुनै अस्वभाविक नभई असचेतताका कारण भएको हो । यहाँ यस्ता त्रुटिलाई अध्ययनको क्षेत्रमा राखिनु उचित देखिदैन । मैथिली भाषाका स्थानीय भेदमा लिङ्गसङ्तिलाई ध्यानदिएर बोल्ने गरिएको पाइदैन । यसले पनि नेपाली भाषाको सिकाइमा लिङ्गसम्बन्धी त्रुटिको कारक हो ।

घ) मानवेतर नाममा लिङ्ग सङगति

तालिका सं. : ४.८

	पुलिङ्ग	स्त्रीलिङ्ग
नेपाली	१) गोरूले घाँस खायो । २. बोको साह्रै कराउँछ ।	१) गाईले घाँस खायो । २) बाखी साह्रै कराउँछ ।
मैथिली	१) बैल घाँस खाइत अछि । २) खसी एकदम चिच्याइत अछि ।	१) गाय घाँस खाइत अछि । २) बकरी एकदम चिच्याइत अछि ।

कक्षा एघारका विद्यार्थीहरूमा गरिएको अनुसन्धानमा मानवेतर नाममा लिङ्गसङ्तिसम्बन्धी कुनै त्रुटि भएको देखिएन ।

तालिका सं. : ४.८ का आधारमा अध्ययन गर्दा मानवेतर नाममा नेपाली र मैथिली दुवै भाषामा लिङ्गसङ्ति नहुने भएकोले यसमा लिङ्ग सम्बन्धी कमै त्रुटिहरू भएको देखिन्छ । स्थानीय मैथिली भेदमा मानवीय नाममासमेत कर्ता र क्रियाबीच लिङ्गभेद नदेखिएको अवस्थामा नेपालीमा लिङ्गभेद पाएपछि कतिपय विद्यार्थीहरू अति सामान्यीकरण गरी नेपाली भाषामा मानवेतर नाममा समेत लिङ्गभेदको प्रयोग गर्नुलाई लक्ष्य भाषाको प्रभावको रूपमा स्वीकार्न सकिन्छ ।

जस्तै : केटा मिठाई खान्छ । केटी मासु खान्छे । बोको पात खान्छ । बाखी घाँस खान्छे ।

वचनका आधारमा नेपाली र मैथिलीको पदसङ्गति

क) कर्ता र क्रियाको बीचमा पदसङ्गति

तालिका सं. : ४.९

	एकवचन	वहुवचन
नेपाली	१. महेश किताब पढ्छ । २. निर्मला भात खान्छे । ३. छोरो गयो । ४) छोरी गई ।	१. महेशहरू किताब पढ्छन् । २ं निर्मलाहरू भत खान्छन् । ३. छोराहरू गए । ४. छोरीहरू गए ।
मैथिली	१. महेश भात खाइत अछि । २. निर्मला भात खाइत अछि । ३. बेटा गेल । ४. बेटी गेली ।	१. महेश लोकनि भात खाइत अछि । २. निर्मला सब भात खाइत अछि । ३. बेटा लोकनि गेल । ४. बेटी सब गेली ।

देखिएका त्रुटिपूर्ण वाक्यहरू

हामी सरकारमा पुगे भने नायक फिलिमको अनिल कपुरजस्तै देशको अनुहार फेरिदिन्छु ।

ओइ राम, केटाहरू घर गयो ?

हामी जति पढेपनि सफल हुन सक्दिन तर तिमीहरू कसरी पढ्छ् कि यति नम्मर आउँछ ?

तिमीहरू यहीँ बस् ।

तिमीहरू छिटो घर जा ।

तिमीहरू खान बस् ।

उनीहरू कहाँ जादै छ ?

ख) विशेष्य र विशेषण

तालिका सं. : ४.१०

	एकवचन	वहुवचन
नेपाली	१.कालो केटो २.काली केटी ३. असल मानिस	१. काला केटाहरू २. काला केटीहरू ३. असल मानिसहरू
मैथिली	१. करिया छौँडा २. करिकी छौडी ३. निक लोग	१. करिया छोडासब २. करिकी छौडीसब ३. निक लोग सब

<u>देखिएका त्रुटिपूर्ण वाक्यहरू</u>

समारोहमा आएको सबै मानिसहरू राम्रो थियो ।

क्रिकेटमा खास गरी अग्लो खेलाडीहरू नै राम्रो गर्ने गरेको पाइन्छ ।

उसले ल्याएको सबै उपहारहरू राम्रो थियो ।

हाम्रो दाइले त सानो सानो सुन्तला र स्याउहरू मात्र छानेर ल्याको थियो ।

ग. भेद्य र भेदक सङ्गति

तालिका सं. : ४.११

	एकवचन	वहुवचन
नेपाली	१. मेरो छारो २. मेरी छोरी ३. मेरो किताब	१. मेरा छोराहरू २. मेरा छोरीहरू ३. मेरा किताबहरू
मैथिली	१.हमर बेटा २. हमर बेटी ३. हमर पोथी	१. हमर बेटा सब २. हमर बेटी सब ३. हमर पोथी सब

देखिएका त्रुटिपूर्ण वाक्यहरू

हाम्रो विद्यालयको सरहरू नै समयमा आउँदैन, के पढाइ हुन्छ ?

तिम्रो छिमेकीहरू त कस्तो सहयोगी छ है ।

मेरो दाइको छोराछोरी फेरि यस्तो बदमास छ कि कुनै सामान एकठाउँमा रहन दिदैन ।

माथिका तालिका सं. : ४.९, तालिका सं. : ४.१० र तालिका सं. : ४.११ लाई विश्लेषण गर्दा मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा वचनसङ्गतिमा प्रशस्त त्रुटि गर्न सक्छ र अनुसन्धानको नतिजालाई हेर्दा यो पुष्टि पनि भएको पाइन्छ । नेपाली भाषामा एकवचन र बहुवचनको व्यवस्था कर्ता-त्रिया, विशेष्य-विशेषण, भेद्य-भेदक तीनै स्थानमा रहेको छ । जबकि मैथिली भाषामा भने उपर्युक्त मध्ये कुनैमा पनि यस्तो व्यवस्था देखिदैन । यसबाट मैथिली मातृभाषीले नेपालीको वाक्यगठनमा वचनसम्बन्धी प्रशस्त त्रुटि गर्नसक्छन् र ती सबैको कारण मातृभाषाको प्रभाव नै हो भन्ने निष्कर्ष सहजै निकाल्न सकिन्छ । यहाँ स्रोत भाषा र लक्ष्य भाषाको फरक नियमले गर्दा सिकाइको नकारात्मक स्थानान्तरण भई सिकाइ जटिल बन्न पुगेको छ ।

पुरुषका आधारमा नेपाली र मैथिलीको पदसङ्गति

तालिका सं. : ४.१२

	नेपाली	मैथिली
प्रथम पुरुष	१) म जान्छु । २) हामी जान्छौँ	१. हम जाइ छि । २.हम सब जाइ छि ।
द्‌वितीय पुरुष	१) तँ जान्छस् । २) तिमी जान्छौ । ३) तपाईं जानुहुन्छ ।	१. तौँ जाइ छे । २.अहाँ जाइ छि । ३. अपने जाइ छि ।
तृतीय पुरुष	१) ऊ जान्छ । २) ऊनी जान्छन् /जान्छिन् । ३) उहाँ जानुहुन्छ ।	१. ऊ जाइत अछि । २. ई जाइत अछि । ३. ओ जाइत अछि ।

<u>देखिएका त्रुटिपूर्ण वाक्यहरू</u>

हामी त चार बजे मात्र घर पुगे ।

हामी कक्षा एघारमा पढ्छौ ।

तिमीहरूले किन होमक गरेन ?

तिमीहरू अब कुटाइ खान्छ ।

माथिको तालिका सं. : ४.१२ लाई अध्ययन गर्दा नेपाली भाषामा कर्ता-क्रियाबीच पुरूषका प्रकार अनुसार फरक-फरक क्रियाको प्रयोग हुन्छ तर मैथिली भाषामा क्रियामा पुरूषगत भेद पाइदैन । मैथिली भाषाको द्‌वितीय पुरूषको निम्नआदरको क्रियामा विभेद देखिएपनि अन्य कहीँ पनि यस्तो व्यवस्था रहेको देखिदैन । तसर्थ मैथिली मातृभाषीले नेपाली भाषाको वाक्य गठनमा कर्ता-क्रियाबीचको पुरूषसङ्गतिमा समेत त्रुटि गर्नसक्ने अनुमान गर्न सकिन्छ । अनुसन्धानमा प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा यस्ता त्रुटिहरू प्रशस्त रहेको देखिन्छ र यसको प्रमुख कारण मातृभाषाको प्रभाव नै हो भन्ने तथ्यलाई पनि स्वीकार भने गर्नैपर्ने देखिन्छ । यहाँ स्रोत भाषा र लक्ष्य भाषाबीचको नियम विविधताले गर्दा सिकाइको नकारत्मक स्थान्तरण भई सिकाइ जटिल हुन पुगेको छ ।

आदरको आधारमा नेपाली र मैथिलीको पदसङ्गति

क. द्वितीय पुरुषमा आदर सङ्गति

तालिका सं. : ४.१३

	नेपाली	मैथिली
निम्न आदर	तँ पढ्छस् ।	तों पढै छे ।
सामान्य आदर	तिमी पढ्छौ । तिमी पढ्छ्यौ ।	तों पढै छह ।
उच्च आदर	तपाईँ पढ्नुहुन्छ ।	अहाँ पढैत छि ।
विशिष्ट आदर	हजुर पढिबक्सिन्छ ।	अपने पढैत छथुन ।

ख. तृतीय पुरुषमा आदर सङ्गति

तलिका सं. : ४.१४

	नेपाली	मैथिली
निम्न आदर	ऊ पढ्छ ।	ऊ पढैत छल ।
सामान्य आदर	उनी पढ्छन् । उनी पढ्छिन् ।	ओ पढैत थिक ।
उच्च आदर	उहाँ पढ्नुहुन्छ ।	ओ पढैत छलह ।
विशिष्ट आदर	उहाँ पढि बक्सिन्छ ।	ओ पढैत छथिन्ह ।

देखिएका त्रुटिपूर्ण वाक्यहरू

तिमी किन सधैँ टिफिनमा भाग्छस् ? तिमी राम्ररी पढिस् भने एउटा गिटार ल्याइदिन्छु ।

उनले यो काम सजिलै गर्न सक्छ । उहाँ बस चौकमा बस्दै गर्छ तिमी त्यहीँ पुगिहाल्नू ।

उनी वि.सं. १९६५ मा जन्मेको थियो । उनले प्रशस्त कविता, खण्डकाव्य र महाकाव्य लेख्नुभयो ।

माथिको तालिका सं. :४.१३ तालिका सं. : ४.१४ का आधारमा विश्लेषण गर्दा नेपाली र मैथिली दुवै भाषामा कर्ता-क्रियामा आदरसङ्गतिको व्यवस्था रहेकोले मैथिली मातृभाषीले यस क्षेत्रमा त्रुटि गर्दैनन् । अध्ययन/अनुसन्धानमा प्राप्त नतिजालाई ध्यान दिने हो भने पनि आदरसम्बन्धी कमै त्रुटि भएको देखिन्छ । साना बालबालिकाहरूले नेपालीमा कसलाई कस्तो आदर गर्ने हो भन्ने कुरा नजान्ने भएकाले "कुकुर आउनु भयो । बुबा आयो" जस्ता वाक्य निर्माण गर्नेगरेको पनि नपाइएको होइन तर कक्षा एघारमा अध्ययनरत विद्यार्थीले भने आदरसम्बन्धी त्रुटि गरेको पाइदैन । यसरी मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा आदर सम्बन्धी त्रुटि नगर्नुलाई पनि मातृभाषाको प्रभाव मान्न सकिन्छ । यहाँ दुवै भाषामा आदरसम्बन्धी समान व्यवस्था रहेकोले ज्ञानको सकारात्मक स्थान्तरण भई सिकाइ सहज बन्न पुगेको छ ।

४.२.५. वाच्यसङ्गति

तालिका सं. : ४.१५

	कर्तृवाच्य	कर्मवाच्य	भाववाच्य
नेपाली	मोहनले विरुवा रोप्यो ।	मोहनबाट रूख रोपियो । भनियोस् ।	दुःखमा कसरी हाँसिन्छ ? आइयोस् । बसियोस् । हजुरबाट यहाँ कति दिन बसिन्छ ?
मैथिली	मोहन गाछ रोपलक / रोपलनि ।	मोहनसँ गाछ रोपायल /रोपल गेल ।	दुखीसँ हँसायत कोना ? आयल जाओ । बैसल जाओ । कहल जाय । अपने कतेक दिन एतय रहल जयतैक ?

देखिएका त्रुटिपूर्ण वाक्यहरू

युवाहरूले चाहियो भने देश निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरी राष्ट्रको विकास सहजरूपमा गर्न सकिन्छ ।

युवाहरूले कुनै पनि काम सजिलै तरिकाले गर्न सकिन्छ ।

आजको युवा भोलिको कर्णधार बनेर देसको उन्नति गरिन्छ ।

युवाहरूले नै नया नेपालको निर्माण गरिन्छन् ।

माथिको तालिका सं. : ४.१५ को आधारमा अध्ययन गर्दा मैथिली भाषा र नेपाली भाषा दुवैमा वाच्यको व्यवस्था समान तरिकाले रहेको देखिन्छ । तसर्थ वाच्यसम्बन्धी देखिएका त्रुटिहरू मातृभाषाको कारणले नभई अध्ययन र अभ्यासको कमीले भएको निष्कर्ष निकालिएको छ ।

यस अध्ययनको लक्ष्य नै मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्दा वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन रहेकोले यो अध्ययन मैथिली मातृभाषीहरूकै सेरोफेरोमा रहेको छ । अध्ययनको क्रममा व्यतिरेकी पद्धतिसमेत प्रयोग भएकोले व्यतिरेक गर्न नेपाली मातृभाषीलाई समेत नमुनाको रूपमा लिइएको छ ।

मैथिली मातृभाषीका लागि नेपाली दोस्रो भाषा हुन पुग्छ । नेपाली भाषा सिक्नुभन्दा पहिले उनीहरूमा मैथिली भाषाको विकास भइसकेको हुन्छ । नेपाली भाषा सिक्दा सिकाइ प्रक्रिया कृत्रिम हुनपुग्छ । यसरी सचेत रूपमा कृत्रिम तरिकाले नेपाली भाषा सिक्ने भएकाले यस भाषाको सिकाइ अस्वभाविक तथा कठिन हुन पुग्छ । नेपाली भाषा सिक्नुभन्दा पहिले मैथिली भाषामा जिब्रो अभ्यस्त भइसकेको हुन्छ जसले गर्दा नेपाली मानक उच्चारणमा पनि प्रभाव पर्न जान्छ । यसको प्रत्यक्ष अनुभव हामीले सहजै प्राप्त गरिरहेकै छौं । त्यसैगरी मैथिली भाषा सिकिसकेपछि सोहीअनुसारको भाषिक नियम मष्तिस्कमा निर्माण भइसकेको हुन्छ । पछि सिकिने दोस्रो भाषामा वक्ताले पहिलो भाषाकै नियम प्रयोग गर्नपुग्छ जसबाट पदसङ्गतिमा त्रुटि हुनपुग्छ । यसै सिद्धान्तका आधारमा प्रस्तुत शोध तयार भएको छ ।

अध्याय : पाँच

निष्कर्ष

सीमित स्रोत र साधनको अभाव तथा उद्देश्यको सीमाङ्कनका कारण कक्षा एघारमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूका लिङ्ग, वचन, पुरुष, आदर रा वाच्यका आधारमा निम्नानुसारको निष्कर्ष प्राप्त भएको छ ।

क) मैथिली मातृभाषीहरूले नेपाली भाषाको वाक्य गठन गर्दा गरेका लिङ्गगत त्रुटिहरूमा स्त्रीलिङ्गी कर्तासँग पनि पुलिङ्गी क्रिया, विशेषण र भेदकको प्रयोग गरिएको पाइन्छ । मैथिली भाषाको व्याकरणिक संरचनामा पनि नेपालीजस्तै नाम, क्रिया, विशेषण र भेदकमा दुईलिङ्को व्यवस्था रहेकोले देखिएका यस्ता त्रुटिहरू मातृभाषाको प्रभावको कारणले नभई अध्ययन तथा अभ्यासको अभाव र असचेतताको कारण भएको निष्कर्ष प्राप्त भएको छ ।

ख) वचनको आधारमा अध्यन गर्दा नेपाली भाषामा नाम, सर्वनाम, विशेषण, भेदक र क्रिया यी सबैपक्षमा दुई वटा वचनको व्यवस्था रहेको छ भने मैथिली भाषामा यस्तो व्यवस्था रहेको देखिदैन । मैथिली भाषामा एकवचन र बहुवचन दुवै कर्तासँग समान क्रियाको नै प्रयोग हुन्छ । स्त्रीलिङ्गी कर्ता बहुवचन वा एकवचन जुनसुकै अवस्थामा रहेपनि स्त्रीलिङ्गी क्रिया र स्त्रीलिङ्गी विशेषण र स्त्रीलिङ्गी भेदक नै प्रयोग हुन्छ भने पुलिङ्गी कर्ता एकवचन वा बहुवचन जुनसुकै अवस्थामा रहेपनि एकवचनकै पुलिङ्गी क्रिया, विशेषण र भेदक प्रयोग गरिन्छ । समग्रमा मैथिली भाषामा नाम र सर्वनाम वर्गमा मात्र वचन व्यवस्था रहेको छ । त्यसैले मैथिली मातृभाषी विद्यार्थीहरूले नेपालीको वाक्यगठनमा वचनसङ्गतिसम्बन्धी बढी त्रुटि गर्ने गर्छन् र यो पूर्णतः मातृभाषाको प्रभावले भएको हो भन्ने निष्कर्ष प्राप्त भएको छ ।

ग) पुरुषगत व्यवस्थालाई आधार मानेर अध्ययन गर्ने हो भने नेपाली र मैथिली दुवै भाषाका क्रियामा पुरुषगत व्यवस्था रहेको पाइन्छ । अर्थात प्रथम, द्‌वितीय तृतीय जुन पुरुषको कर्ता छ सोही पुरुषको क्रिया प्रयोग हुन्छ । तीनै पुरुषका कर्तासँग भिन्नभिन्न क्रियापदको प्रयोग हुन्छ । तसर्थ मैथिली मातृभाषीले सम्भवतः नेपाली वाक्य गठनमा पुरुषगत त्रुटि गर्दैन । यदि गर्दछ भने त्यो मातृभाषाको प्रभावले नभई अध्ययन र अभ्यासको कमीले हो ।

घ) नेपाली र मैथिली दुवै भाषामा आदरसम्बन्धी पनि समान व्यवस्था रहेको पाइन्छ । नेपाली र मैथिली दुवै भाषाका कर्ता र क्रिया दुवै पक्षमा आदर सम्बन्धी व्यवस्था रहेको पाइन्छ । यी दुवै भाषामा क्रमशः निम्न, सामान्य, उच्च र विशिष्ट आदरको व्यवस्था रहेको पाइन्छ । तसर्थ मैथिली मातृभाषी

विद्यार्थीहरूले नेपालीको वाक्य गठनमा आदरसम्बन्धी त्रुटि नगर्ने अवस्था देखिन्छ । यदि त्रुटि गर्दछन् भने त्यो मातृभाषाको प्रभावले नभई अध्ययनको र अभ्यासको कमीले हो भन्ने निष्कर्ष प्राप्त भएको छ ।

ङ) केही मैथिली मातृभाषी विद्यार्थीहरूले वाच्यसङ्गतिमा समेत त्रुटि गरेको पाइन्छ । भाषिक व्यवस्थालाई हेर्ने हो भने नेपाली र मैथिली दुवैभाषामा कर्तृ, कर्म र भाव गरी तीन वाच्यको व्यवस्था रहेको देखिन्छ । तसर्थ मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा वाच्यसङ्गतिसम्बन्धी गर्ने त्रुटि मातृभाषाको प्रभावले नभई अध्ययन र अभ्यासको कमीले भएको ठहर भएको छ ।

च) वाक्य गठनको सरलता र जटिलताको क्रमलाई विचार गर्दा मैथिलीभाषी विद्यार्थीहरूलाई वचन सबैभन्दा जटिल भएको पाइएको छ । त्यसपछि क्रमशः दोस्रो स्थितिमा लिङ्ग, तेस्रोमा पुरुष र चौथोमा आदर यिनीहरूका लागि कम जटिल भएको देखिएको छ ।

छ) नगर र ग्रामीण क्षेत्रका विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई तुलनात्मक रूपमा हेर्दा नगर क्षेत्रका विद्यार्थीहरूले गरेका त्रुटिका तुलनामा ग्रामीणक्षेत्रका विद्यार्थीहरूमा बढी त्रुटि देखिएको छ ।

ज) नगर क्षेत्रका विद्यार्थीहरूको तुलनामा ग्रामीण क्षेत्रका विद्यार्थीहरूमा बढी त्रुटि देखिनुका कारणहरूमा ग्रामीण क्षेत्रमा अनुकुल वातावरण नहुनु, विद्यालयको भौतिक र व्यवस्थापन पक्ष कमजोर हुनु, समयको अनुपलब्धता, शिक्षकबाट प्रभावकारी निर्देशन नपाउनु आदि पक्षहरू भएपनि बढि प्रभाव भने मातृभाषाकै परेकोले भएको हो

शैक्षणिक उपयोगिता / कार्यान्वयन

प्रत्यक्षतः यो शोध स्नातकोत्तर तह दोस्रो वर्षको नेपाशि ५९८ को पाठ्यांशको आंशिक परिपूर्तिको लागि लेखिएको भएपनि यसले आफ्नै छुट्टै महत्त्व पनि राखेको छ । यस शोधको उपयोगिता तथा कार्यान्वयनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

नेपाल बहुभाषिक देश भएकोले यहाँ अनेकतामा एकता कायम गरिराख्न नेपाली भाषाको ठूलो योगदान रहेको छ । सम्पूर्ण नेपालीहरूमा साझा सम्पर्कको भाषाको रूपमा नेपाली भाषा रहेको छ । यसले नै सम्पूर्ण नेपालीहरूलाई एकताको सूत्रमा बाँधेको छ । त्यसैले सम्पूर्ण नेपाली नागरिक मात्र नभई नेपालमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिले यो भाषा जान्नै पर्ने हुन्छ । अनि मात्र एकले अर्काको कुरा

बिनाअवरोध सही रूपमा बोध गर्न सक्छ । अन्यथा वास्तविक अर्थको सम्प्रेषण हुननसकी विभिन्न समस्याहरूसमेत देखिन सक्छ । भाषभाषीहरूमध्ये नेपाली पछिको दोस्रो ठूलो सङ्ख्या मैथिली भाषीको नै रहेको छ । यसरी बहुसङ्ख्यक मात्रामा रहेका मैथिली मातृभाषीहरूको सञ्चार प्रक्रियामा यस शोधले ठूलो सहयोग गर्नेछ ।

नीतिगत तह

जुनसुकै शीर्षकमा गरिएको जस्तोसुकै अध्ययनको पनि निश्चित उद्देश्य रहेको हुन्छ । सोही उद्देश्यको आधारमा शोधको उपयोगिता झल्किएको हुन्छ । यस शोधको उपयोगिता वा कार्यान्वयनलाई नतिगत तहमा निम्नानुसार उल्लेख गरिएको छ :

प्रस्तुत शोधअध्ययनले मैथिली मातृभाषीहरूको नेपाली वाक्य गठनमा स्तरीयता ल्याउनको लागि उपयुक्त नीति निर्माण सहयोग गर्नेछ । मैथिली मातृभाषीहरूलाई कम समय र कम श्रमगरी स्तरीय एवम् मानक नेपाली प्रयोग गर्ने क्षमताको विकास गराउने नीति निर्माणमा सहायक सिद्ध हुनेछ । मैथिली समुदायका विद्यार्थीहरूलाई नेपाली भाषा सिकाउने शिक्षकलाई समेत उपयुक्त शिक्षण विधि निर्माण गर्न यो शोध सहयोगी सिद्ध हुनेछ ।

मैथिली मातृभाषीले अधिकतम लाभ लिनसक्ने प्रकारको पाठ्क्रम निर्माण गर्नसमेत यो शोध उपयोगी सिद्ध हुनेछ । मैथिली मातृभाषी विद्यार्थीहरूको नेपाली सुधार गर्नसक्ने प्रकृतिको शिक्षण विधिको प्रयोग अवलम्बन गर्ने नीति निर्माण गर्न सहयोग पुग्नेछ ।

कार्यान्वयन तह

प्रस्तुत शोधले मैथिली परिवेशमा नेपालीभाषा अध्यापनरत शिक्षकहरूलाई नेपाली भाषा छिटोछरितो ढङ्गले सिकाउन सहायक सिद्ध हुनेछ । मैथिली मातृभाषीको नेपाली सुधारका प्रयासहरूलाई कक्षामा सफल रूपमा प्रयोग गर्न उपयोगी हुनेछ । मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइको क्रममा गर्ने त्रुटिलाई लक्षित गरी सोको निराकरण गर्न सक्ने उपायको प्रयोग गर्न समेत यो शोध उपयोगी हुनेछ ।

नेपालीभाषा शिक्षकहरूलाई उपलब्धिमूलक शिक्षण गर्नसक्ने सिकाइ योजना बनाउनसमेत यो शोध उपयोगी हुनेछ । मैथिलीमातृभाषी विद्यार्थीहरूलाई त्रुटिविश्लेषण र व्यतिरेकी विश्लेषण पद्धतिको उपयोग गरी नेपाली वाक्यगठन तथा पद-सङ्गति सिकाउनसमेत यो शोध उपयोगी हुनेछ ।

सुझावहरू

भाषा सिकाइका क्रममा त्रुटि हुनु स्वभाविक मानिन्छ । भाषिक शुद्धताको विकासको लागि त्रुटिहरूको निराकरण गरिनु पर्छ । कक्षा एघारका मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिलाई निराकरण गर्न निम्न उपायहरू सुझाउन सकिन्छ :

१. अङ्ग्रेजी, हिन्दी तथा अन्य कतिपय विकसित भाषाको तुलनामा नेपाली भाषा हेपिएको छ । नेपाली भाषालाई जसरी बोले पनि र जसरी लेखेपनि हुन्छ भन्ने धारणा जनमानसमा छ । यो धारणा घट्नुको सट्टा झनझन बढ्दै छ । यस्तो धारणाले नेपाली भाषाको विकास र स्तरोन्नति हुन सक्दैन । नेपाली भाषाको विकासका लागि यसप्रतिको उपेक्षा भाव हटाउनु अत्यन्त आवश्यक छ । नेपाली भाषाको प्रयोगमा कतिपय शिक्षक तथा विज्ञहरूले पनि देखाएको गैरजिम्मेवारी प्रवृत्तिले समेत यसको प्रयोग तथा सङ्गतिमा समस्या देखिएको छ । यसप्रति सचेत भइदिनु पर्ने वहाँहरूको पनि दायित्व हुन जान्छ ।

२. नेपाली भाषामा मानक व्याकरणको व्यवस्था गरिनु पनि अत्यन्त आवश्यक हुन पुगेको छ । कतिपय व्याकरणिक कुराहरूमा समस्या उत्पन्न हुँदा कसको र कुन व्याकरणलाई आधार भन्ने भन्ने कुरामा पनि समस्या देखिने गरेको छ । फरक फरक व्याकरणकारहरूले आआफ्ना बुझाइ अनुसार प्रस्तुति दिने गरेका छन् । नेपाली व्याकरणको आधार अब कुनै व्यक्तिले नभई संस्थागत रूपमा सबै व्याकरणकारहरूलाई छलफलमा बोलाई व्याकरण लेखिनु पर्छ ।

३. नेपाली भाषाप्रति रहेको दृष्टिकोणमा परिवर्तन गरी कुशल शिक्षकद्वारा तल्लो तह देखि नै पदसङ्तिमा ध्यान दिएर अध्ययन अध्यापन गर्न लगाउनु पर्छ । मैथिली भाषाको मौलिक विशेषतालाई ध्यानमा राखेर व्यतिरेकी अध्ययनका आधारमा पाठ्क्रम तयार गरिनु पर्छ । भाषालाई सैद्धान्तिक पद्धतिबाट नसिकाई दैनिक व्यवहारमा प्रयोग गर्दै व्यवहारिक तरिका अपनाई सिकाउनु पर्छ ।

४. सीमित समय र निर्धारित पुस्तकहरूबाट मात्र विद्यार्थीहरूलाई भाषामा पोख्त बनाउन नसकिने भएकाले अन्य सिर्जनात्मक उपायहरू पनि प्रयोगमा ल्याउनुपर्छ । भाषा भन्ने कुरा जति प्रयोगमा ल्याइयो त्यति बढी सिकिदै जाने र विचलन कम हुँदै जाने हुन्छ । कक्षा, साथीभाइ, शिक्षक, औपचारिक कार्यक्रम आदि जस्ता स्थानमा नेपालीमा वाचन गर्न प्रोत्साहित गर्नु पर्छ ।

५. शुद्ध नेपाली भाषामा लिखित पत्रपत्रिका, लेखरचना, साहित्य आदि पढ्न तथा नेपाली भाषामा निर्मित चलचित्र हेर्न प्रोत्साहित गर्नु पर्छ । यसले छिटो र मनोरञ्जनात्मक तरिकाले प्रभावकारी नेपाली

सिकाउन सहयोग गर्छ । विद्यालयमा नियमित रूपमा नेपाली भाषामा मौखिक तथा लिखित अभिव्यक्तिको प्रतिस्पर्धा चलाउनु पर्छ ।

६. मैथिली मातृभाषीहरूका अधिकांश त्रुटि मातृभाषाको प्रभावबाट हुने भएकोले यस्ता त्रुटिहरूलाई कम गर्न वा निराकरण गर्न उनीहरूलाई नेपाली मातृभाषी विदार्थीहरूसँग मिलाएर राख्दा बढी प्रभावकारी हुन्छ । यसबाट उनीहरू नजानिदो तरिकाबाट नै स्तरीय नेपाली सिक्न सक्छन् । उनीहरूको नेपाली शब्दोच्चारणमा पनि यसले ठूलो सहयोग गर्छ ।

७. मैथिलीमातृभाषीहरूले बढी त्रुटि क्रियापदमा, विशेषणमा र भेदकमा गर्ने भएकोले यससँग सम्बन्धित पक्षमा पदसङ्गतिको प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

८. नेपाली र मैथिली भाषाबीचको व्यतिरेकलाई आधार मानी सोही आधारका नेपाली भाषा सिकाउनु पर्दछ ।

९. सैद्धान्तिक व्याकरणको धारणा पनि व्यवहारोपयोगी बनाउन प्रयोगमूक अभ्यासमा जोड दिई शिक्षण गर्नु पर्दछ ।

१०. सिकाइलाई दीर्घकालीन एवम् प्रभावकारी बनाउन कक्षामा शिक्षक केन्द्रित विधिको सट्टा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नु पर्छ ।

११. विद्यार्थीलाई प्राकृतिक रूपले सिकाइ प्रदान गर्न घरमा पनि नेपाली भाषामैत्री वातावरण बनाइदिन अभिभावकहरूलाई आग्रह गर्नु पर्छ ।

१२. यथासक्य विद्यार्थीको स्रोत भाषाको ज्ञान भएको दोभाषे शिक्षकको व्यवस्था गर्नु पर्छ ।

१३. भाषाका वास्तविक विकास सानै अवस्थामा हुने भएकोले भाषिक सीप विकासको प्रमुख आधार मानिने तल्ला तहमा पनि भाषा सिकाइमा सचेत भई शिक्षण गर्नु पर्छ ।

१४. विद्यार्थीले त्रुटि गरेको पाएमा अहिले साना छन् पछि सुधार आइहाल्छ भन्ने विचार नलिई तत्कालै सकारात्मक ढङ्गले सुधार गरिदिन गर्नु पर्छ ।

१५. विद्यार्थीमा सिकाइप्रति लगनशील बनाइ राख्न पृष्ठपोषण तथा पुनर्बलको नियमित प्रयोग गर्नुकासाथै निर्माणात्मक मूल्याङ्कनको निरन्तर प्रयोग गर्नु पर्दछ ।

१६. उपयुक्त शैक्षणिक व्याकरणको निर्माण गरी सोही अनुकूल विद्यालय पाठ्क्रम निर्माण गरिनु पर्दछ ।

१७. विभन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, छलफल आदि आयोजन गरी भाषिक शुद्धता ल्याउने प्रक्रियाको छलफल गरी कक्षामा प्रयोगमा ल्याउन शिक्षकहरूलाई प्रोत्साहित गर्नु पर्दछ ।

आगामी अनुसन्धानका लागि शीर्षक

आगामी अनुसन्धानका लागि निम्न शीर्षकहरू छनोट गर्न सकिन्छ :

क) कक्षा बाह्रमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूको नेपाली भाषाको वक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन

ख) स्नातक तहका मैथिलीमातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन ।

ग) माध्यमिक तहका मैथिली मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य गठन क्षमताको अध्ययन ,

घ) विद्यालयीय शिक्षा प्राप्त नगरेका मैथिलीमातृभाषी नेपालीहरूको नेपाली वाक्यगठन क्षमताको अध्ययन आदि

सन्दर्भग्रन्थ सूची

१. कट्टेल, अमरजङ्ग, (२०६५), **कक्षा सातमा अध्ययनरत मुसहरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), स्नातकोत्तर क्याम्पस विराटनगर, मोरङ : त्रिभुवन विश्वविद्यालय ।

२. खनाल, पेशल, (२०६४), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं : सनलाइट पब्लिकेसन ।

३. गुरागाई, मोहनप्रसाद, (२०६८), **भरौल गाविस क्षेत्रका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको लिखित प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी : त्रिभुवन विश्वविद्यालय ।

४. गौतम, रामप्रसाद, (२०६१), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

५. झा, पण्डित गोविन्द, (२०१२), **मैथिली परिशीलन**, मैथिली अकादमी पटना ।

६. दाहाल, पेशल र सोमप्रसाद खतिवडा, (२०६५), **अनुसन्धान पद्धति,** काठमाडौं : एम.के. पब्लिसर्स ।

७. पराजुली, सुरेन्द्रप्रसाद, (२०६६), **धरानबाट प्रकाशित दैनिक पत्रिकहरूमा पाइएका वर्णविन्यासगत त्रुटिहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी : त्रिभुवन विश्वविद्यालय ।

८. पोखरेल, सीता, (२०६९), **कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली निबन्ध लेखनमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी : त्रिभुवन विश्वविद्यालय ।

९. पौडेल, भूपहरि, (२०६०), **शोध र सिर्जना सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

१०. बन्धु, चुडामणि, (२०५२), **अनुसन्धान र प्रतिवेदन लेखन,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

११. भट्टराई, ज्ञानेश्वर, (२०७०), **वृहत ज्ञानकोश**, काठमाडौं : आशिष बुक्स हाउस, बागबजार ।

१२. यादव, अशेश्वर, (२०६१), **कक्षा पाँचमा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस विराटचौक, मोरङ : त्रिभुवन विश्वविद्यालय ।

१३. यादव, अशोककुमार, (२०५९), **कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस विराटचौक, मोरङ : त्रिभुवन विश्वविद्यालय ।

१४. यादव, सरोज कुमार,(२०६५), **कक्षा छका मैथिलीभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस विराटचौक, मोरङ : त्रिभुवन विश्वविद्यालय ।

१५. शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, (२०५२), **शोधविधि,** काठमाडौं : साझा प्रकासन ।

१६. श्याङ्गवा, अनुपमा, (२०७०), **सिरहा जिल्लाको तामाङभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी : त्रिभुवन विश्वविद्यालय ।

परिशिष्ट

केही उत्तरपुस्तिकाहरू


नाम : सुरेन कुमार [illegible] [illegible] : [illegible]
रोल नं : २० मिति : २०६७।०४।२८
तह : ११
[illegible] : [illegible]
'नयाँ नेपालको निर्माणमा युवाहरूको भूमिका'

नयाँ नेपाल निर्माणमा युवाहरूको भूमिका अत्यन्तै ठूलो छ। किनकी युवाहरूको उमेर भएकाले शारीरिक तथा मानसीक रूपले सक्षम रहेका हुन्छन। युवाहरूले जस्तो पुनै [illegible] काम [illegible] युवाहरू [illegible] पछाडी नपर्ने भएकाले र युवाहरूमा एकता हिम्मत हुने भएकाले युवाहरू जस्तो पुनै नहुने कामहरू गरेर देखाइदिन्छ। त्यसकारणले गर्दा देश निर्माणको कार्यमा युवाहरूको पहुच मात्री हुनुपर्दछ। युवाहरूलाई सरकारले [illegible] विदेशी रोजगारको देशमा [illegible] बनाई देश निर्माण कार्यतर्फ [illegible] लगाउनु पर्दछ। यसो गर्यो भने नयाँ नेपाल निर्माणमा युवाहरूले आफ्नो भूमिका निर्वाह गरी देश विकासमा सहयोग पुर्याउन सक्दछ।

युवाहरूको दिमाग राम्ररी चल्ने भएकाले र युवाहरू जस्तो पुनै कामहरू गर्दा [illegible] [illegible] [illegible] [illegible] भएकाले युवाहरू राम्ररी देश निर्माण गर्नमा सहयोग पुर्याउछ। युवाहरूले विदेशमा नगई देशमा रोजगारी गरी देश निर्माण कार्यमा सहयोग पुर्याउन सक्दछ। त्यसका कारणले गर्दा देश निर्माण कार्यमा युवाहरू एउटा प्रभाव रूपमा गइदियो भने देश निर्माण कार्यमा ठुलो सहयोग पुग्दछ। त्यसकारणले गर्दा [illegible] युवाहरू नयाँ कामहरू गर्ने हाती देशको निर्माण कार्यमा ध्यान पुर्याउनु पर्दछ। यसो गर्यो भने नयाँ नेपाल निर्माणमा युवाहरूको भूमिका रहन्

नाम राजेन्द्र कुमार मेहता — मिति २०६७/४/२८

कक्षा — ११

रोल नं: -२४

स्कूल — श्री भुवनेश्वरी बहुमुखि क्याम्पस इनरुवा

∴ नयाँ नेपालको निर्माणमा युवाहरूको भूमिका

(निबन्ध)

नयाँ नेपालको निर्माणमा युवाहरूको भूमिका अति महत्व पूर्ण रहेको छ। तर नयाँ नेपालको निर्माणमा युवाहरूको भूमिका कम पनि देखिएको छ। किनकि धेरै युवाहरू अशिक्षित पनि रहेका देखिन्छन्। गरिबि भएको कारणले पनि हो। आर्थिक स्थिति पनि कमजोर भएको ले धेरै युवाहरू पनि मध्य पढाइ छोडेका छन्। धेरै मात्रामा युवाहरू शिक्षित पनि रहेका छन्।

हाम्रो देश नेपालमा धेरै युवा हरू पनि रहेका छन्। नेपालमा धेरै शिक्षितहरू पनि रहेका छन् र रोजगार नपाएका देशको स्थिति कमजोर भइरहेका छन्। युवाहरू पनि शिक्षित भएर पनि रोजगार नपाएर देश विदेश जाने बाध्यता परेका छन्। हाम्रो देशमा शिक्षामा पनि अति विकास भएको छैन। हाम्रो समुदायमा वा देशमा पनि छुवाछुत को अति नै ~~नकारात्मक~~ भूमिका रहेको छ। शिक्षित न भएको कारणले छुवाछुत मानिन्छ।

नयाँ नेपालको निर्माणमा युवाहरुको भूमिक

निबन्ध

नाम : अशोक कुमार मेहता
तह : एघार
संकाय : वाणिज्य (व्यवस्थापन)
क्याम्पस : सुनसरी बहुमुखी क्याम्पस

मिति : २०६९।४।२८

नयाँ नेपालको निर्माणमा युवाहरुको भूमिका एकदमै महत्वपूर्ण हुन्छ। कुनै पनि राष्ट्रको निर्माणमा युवावर्गहरुको भूमिका एकदमै ठूलो हुन्छ। किनकि आजभोलिको नेपाल निर्माणमा युवाहरुको भूमिका अहम् [illegible] महत्व दिनु एकदमै जरुरी कुरा हो। आजभोलिको समयमा हेर्ने हो भने नेपालका कैयौं युवाहरु बेरोजगार छन्। आफ्नो जीवन त्यसै बिताइरहेका छन्। कैयौं युवाहरु कामको खोजीमा विभिन्न खाडीका देशमा श्रम बेच्न आफ्नो शक्ति विदेश गएर प्रयोग गरिरहेका छन्। यदि ती युवाहरुको उचित काम दाम नेपालमै दिने हो भने नेपाल साँच्चै नै नयाँ बनेर अभिवृद्धि। नेपालको महत्व सोच्दै नै फैलिन्छ। युवाहरुले चाहिमा भने नेपाललाई स्वीजरल्याण्ड, जापान, चीन, अमेरिका जस्ता देश बनाउन सक्छ।

नेपालीमा रूपान्तरण गर्नुहोस

(१) हमर बहिन कक्षा ४ मे पढैछै।

मेरो बहिनी कक्षा ४मा पढ्छ।

(२) हम देशके विकास जरूर करबै।

हामी देशको विकास अवश्य गर्दै।

(३) अहाँ कत जाइछि ?

तपाईं कहाँ जानुहुन्छ।

(४) ओ हमर कनिया छिकै।

- ऊ मेरो बुढी हो।

(५) रन्जु, अहाँ कत जाइछि ?

रन्जु, तिमी कहाँ जान्दै।

नाम :- साइरस मण्डल
कक्षा :- ११

वैयक्तिक विवरण

नाम :	सुनिल कुमार झा
जन्म मिति :	२०४४/०८/१३
जन्म स्थान :	मधुवन-५, सुनसरी
नागरिकता नं. :	११३६४०, सुनसरी
पिता :	श्री श्याम झा
माता :	रङ्गीलादेवी झा
ठेगाना :	मधुवन-५, सुनसरी
शिक्षा :	स्नातकोत्तर (शिक्षाशास्त्र), नेपाली
सम्पर्क नं. :	+९७७-९८१६३५४०७५, ९८६२१७५९०५
इमेल :	sunil475.sj@gmail.com
पेसा :	अध्यापन